# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालिञ्चोक गाँउपालिका, दोलखा

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# Serving the Nation and the People

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(बागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७८/७९
च.नं.: 209

मिति: २०७८।०५।०४

श्री प्रमुखज्यू,
कालिञ्चोक गाँउपालिका,
गाँउकार्यपालिकाको कार्यालय,
दोलखा ।

विषय:- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्या:२०७८।०७९
च.नः ९६४

मितिः २०७८।५।०४

श्री प्रमूखज्यू,
कालिञ्चोक गाँउपालिका,
दोलखा।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको रायः** हामीले कालिञ्चोक गाँउपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय–व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. १ करोड ३० लाख १७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २६ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु. १४ लाख ८८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८५ लाख ३ हजार र पेश्की रु. ३ लाख ७५ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७८।१।०३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना (४३) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

**कालिञ्चोक गाँउपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

२०७६।०७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, १३२ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ९५४ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७६।०७७ को वितिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।

| | | प्राप्ती भुक्तानी हिसाव | | | |
|---|---|---|---|---|---|
| | | यस वर्षको रु. | | | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत /सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) ८ | | ५९७०१८००० | ५१६७०६६५७.४४ | | ५१६७०६६५७.४४ |
| क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने) | | ५०१५५३००० | ४२४३२६९७१.४४ | | ४२४३२६९७१.४४ |
| ११०० कर | | ९६९४५००० | ४८३७१३७१.४४ | | ४८३७१३७१.४४ |
| १३०० अनुदान | | ३७७४०८००० | ३६६०७२००० | | ३६६०७२००० |
| संधीय सरकार | | ३४९९२१००० | ३३८५८५००० | | ३३८५८५००० |
| प्रदेश सरकार | | २७४८७००० | २७४८७००० | | २७४८७००० |
| १४००० अन्य राजस्व | | २७२००००० | ९८८३६०० | | ९८८३६०० |
| ख. अन्य प्राप्ती | | ९५४६५००० | ९२३७९६८६ | | ९२३७९६८६ |
| वितरण गर्न बाँकी राजस्व | | ० | १३२४५०८ | | १३२४५०८ |
| कोषहरु | | ४१००००० | ५१००००० | | ५१००००० |
| धरौटी | | ०० | ५७८२८१ | | ५७८२८१ |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९१३६५००० | ८५३७६८९७ | | ८५३७६८९७ |
| भुक्तानी (ग+घ) | | ६५०७१८००० | ४६७५८६३९६.८९ | | ४६७५८६३९६.८९ |
| ग. भुक्तानी (**संचित कोषबाट** ) | | ५५५२५३००० | ३८०७९७४३०.०४ | | ३८०७९७४३०.०४ |
| २१००० पारिश्रमिक/सुविधा | | १९०६३६००० | १७५३६०६६०.०६ | | १७५३६०६६०.०६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | | १३३२१८००० | ८७६३५०९७.४३ | | ८७६३५०९७.४३ |
| २५००० सहायता | | १००००० | १००००० | | १००००० |
| २६००० अनुदान | | १३३९७००० | १२९०४७४३.५५ | | १२९०४७४३.५५ |
| २७००० सामाजिक सुरक्षा | | ४७०५००० | ४००४२४७ | | ४००४२४७ |
| २८००० अन्य खर्च | | २२००००० | १४१५४५० | | १४१५४५० |
| ३१००० गैर वित्तिय सम्पती/पूँजिगत खर्च | | २१०९९७००० | ९९३७७२३२ | | ९९३७७२३२ |
| घ. अन्य भुक्तानी | | ९५४६५००० | ८६७८८९६६.८५ | | ८६७८८९६६.८५ |
| कोषहरु | | ४१००००० | १०००००० | | १०००००० |
| धरौटी | | ०० | ४६२५०० | | ४६२५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९१३६५००० | ८५३७६८९७ | | ८५३७६८९७ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | | (५०४३०.१५) | | (५०४३०.१५) |
| ङ. यो वर्षको बचत ९न्युन० | | (५३७०००००) | ४९१२०२६०.५५ | | ४९१२०२६०.५५ |
| च. गत वर्षको जिम्मेवारी रकम ९अ.ल्या० | | | ५६९०३५०३.५८ | | ५६९०३५०३.५८ |
| वर्षान्तको बाकी रकम ९ङच० | | (५३७०००००) | १०६०२३७६४.१३ | | १०६०२३७६४.१३ |
| | | | | | |
| बैक तथा नगद बाँकी | २४ | | १०९१९०८५३.६३ | | १०९१९०८५३.६३ |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएको खर्च शिर्षकहरु निम्नानुसार रहेका छन ।

| सि.न | खर्च शिर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १. | प्रदेश पूर्वाधार विकास कार्यक्रम | ६९१२००० | ०० |
| २. | राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग चालु | १३०२००० | ९४३६२० |
| ३. | राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग पूजिगत | २०६००० | २०५८८५ |
| ४. | पर्यटन पूर्वाधार विकास आयोजना | २५००००० | ०० |
| ५. | राष्ट्रपति महिला उत्थान कार्यक्रम | १०००० | ०० |
| ६. | सामाजिक सुरक्षा तथा संरक्षण | ७८९९४००० | ७७७९३८०० |
| ७. | स्थानिय पूर्वाधार साझेदारी कार्यक्रम | १०८६३००० | ६५१४१९१ |
| ८. | युनिसेफ | २२००० | २२००० |
| | जम्मा | १००८०९००० | ८५४५७४९७ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **फिर्ता दाखिला** ः आर्थिक वर्ष २०७६।७७ मा निकासा मध्ये बाँकी रहेका संघिय सशर्त अनुदान तर्फ रु.१९७२५७७९।४० र प्रदेश ससर्त अनुदानको रु.५४७८२८१ समेत जम्मा रु.२५२०४०६०।४० र सामाजिक सुरक्षा तर्फको मिति २०७७।३।३१ मा रु.३७२४०० र ०७४।४।२८ मा रु१६४६२०० समेत कुल २७२२२६४० मिति २०७७।३।३१ मा नेपाल बैक लिमिटेड चरीकोट शाखामा दाखिला भएको छ । | |
| | **लेखापरीक्षणको क्रममा बहाल कर र अग्रीम आय कर कट्टी नगरेको रु१०४३९९।२१ असुलि भई राजस्व दाखिला भएको छ ।** | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्रास रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • स्थानियतहले बिभाज्यकोषको हिसाब व्यबस्थित राखेको पाईएन । यस तहले प्रदेशलाई पठाउनुर्ने राजस्व नपठाई रु.३४६०८१७।२० मौज्दात राखेको वा खर्च गरेको पाईयो ।<br>• प्राप्त वितीय विवरणको अनुसुची २४ मा बैक कारोवारमा बर्षान्तको बाकी रु.१०९११०८५३।६३ र अनुसुची २४ अनुसारको नगद तथा बैक बाकी रु. ८५६३३५८०।१९ भई बैक रु.२३५५७२७३।४४ ले बढी देखिएको वितीय विवरणले देखाउदछ । अनुसुची २४ मा देखाएको बैक तथा नगद बाकी रु. ८५६३३५८०।१८ मध्ये रु.२३५५७२७३।४८ बैक कारोवारमा भिन्नता भन्ने उल्लेख छ ।यस सम्वन्धमा पुष्ट्याई प्राप्त नभएकोले हिसाव एकिन हुुनु प्रर्दछ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनविच समरुपता देखिदैन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।<br>• गाँउपालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा भुक्तानी रु.४६७५८६३९६।८९ देखाएको पालिकाबाट खर्च भएको सवै बजेट शिर्षकको आर्थिक विवरण एवं फाँटवारीको जम्मा बाट जम्मा खर्च रु.४६७८५४७४५ देखिन्छ । फरक रकम रु.२६८३४९ सम्बन्धमा एकिन हुनुप्रर्दछ ।<br>• संघिय शसर्त अनुदान तर्फ रु२०९३०४९९९ निकासा प्राप्त भएकोमा वित्तिय विवरणको अनुसुची १२ मा रु.२०७९८५००० मात्र देखाएको छ । वित्तिय विवरणले घटी देखाएको रु.१३२०००० सम्वन्धमा एकिन हुनुपर्दछ ।<br>• पालिकाले प्रकोप ब्यवस्थापन (कोरोना कोष) मा प्रदेश सरकारवाट रु १० लाख प्राप्त भएकोमा वित्तिय प्रतिवेदनको अनुसुचि २१ मा रु.२० लाख देखाएकोले फरक रु.१० लाख सम्वन्धमा एकिन हुनुपर्दछ ।<br>• पालिकाबाट लेखा परिक्षणको लागी पेश भएको सञ्चितकोषको बैंक नगदी किताबअनुसार आम्दानी रु. ५१९२१८८५६ देखाएकोमा पालिकाले पेश गरेको वित्तिय विवरण म.ले.प. फा.नं. २७२ मा रु.४२४३२६९७१ देखिन्छ । वित्तिय प्रतिवेदन र बैंक नगदी किताबबिच रु.९४८९१८८५ फरक देखिएको छ ।<br>• पालिकाको सञ्चितकोषको बैंक नगदी किताब अनुसार रु.५०८६१७१०६ खर्च देखिएकोमा वित्तिय प्रतिवेदनमा रु. ३८०७९७४३० देखिन्छ । बैंक नगदी किताब र वित्तिय प्रतिवेदन बिच रु.१२७८१९६७६ ले फरक देखिएको छ । यससम्बन्धमा एकिन गर्नुपर्दछ ।<br>लेखापरीक्षणका क्रममा वित्तिय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.६१६१४८२२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.५६९०३५०३।५८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४७११३१८ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु......... | ४७११३१८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

३. **बैक हिसाब** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब रु.६५९७९३७७।९३ फरक परेको देखिन्छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरीक राजस्व खाता | २६६७०८९।५० | २४९९४०१ | |
| २ | चालु खर्च खाता विजोर | ६१९००० | ४७६२७३८४।४३ | |
| ३ | चालु खर्च खाता विजोर | १०६१८०२।६७ | ०० | |
| ४ | चालु खर्च खाता विजोर | (१८६२८२७।९८) | ०० | |
| ५ | पूजिगत खर्च खाता | (२३५५६६४) | ७७७५६४७०।२० | |
| ६ | पुजिगत खर्च खाता | ६५६५३४३२ | ०० | |
| ७ | धरौटी खाता | ३७०४४३३ | ४१७६६८६ | |
| ८ | धरौटी खाता | ११५७८१ | ०० | |
| ९ | संचितकोष खाता | १०६०१७५० | १५७२३०९०।४९ | |
| १० | कर्मचारी कल्याण कोष | ३१००००० | ३१००००० | |
| ११ | विभाज्य कोष | १३२४५०८ | ०० | |
| १२ | प्रकोप ब्यवस्थापन | १००४२७६ | ५५२६२६ | |
| १३ | आकस्मिक कोष | ०० | १७७३०० | |
| | जम्मा | ८५६३३५८०।१९ | १५१६१२९५८।१२ | ६५९७९३७७।९३ |

४. **लेखा स्रेस्ताः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ मा पालिकाले आय व्ययको अभिलेख अधावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरिक्षणलाई पेश गरेको वित्तिय प्रतिवेदन म.ले.प फा.न २७२, बैंक नगदी किताब शिर्षकगत आर्थिक विवरणहरु भिडान गर्दा आम्दानी, खर्च पेश्कीको अभिलेख अधावधिक रुपमा राखेको पाइएन । संचितकोषको हिसाव गोश्वार भौचर उठाई स्पस्ट आम्दानी देखिनेगरी कारोवारको अभिलेख राख्नुपर्नेमा बैक ट्रान्सफरका आधारमा मात्र कारोवार गरेको पाइयो । संचितकोष खाताको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् मिति २०७७।५।२८ मा ट्रान्सफर गरेको देखियो ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ४ र प्रशासनिकतर्फ ३३ समेत ३७ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ३ र १६ समेत १९ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७खर वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा पालिकाले शिक्षा स्वास्थ्य समेतका रु.१९४७७५४९।७७ खर्च लेखेको पाईयो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको ।
- यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको ।
- एकीकृत जिन्सी किताब तयार नगरेको ।
- संचालित सवै कार्यत्रमहरुको नियमित अनुगमन सोको नियमीत प्रतिवेदन गर्ने गरेको छैन
- रु २० हजार भन्दा माथिको कारोवार अनिवार्य रुपमा मु.अ.करमा दर्तावालासँग खरिद गर्नुपर्नेमा पान विलमा कारोवार गरेको ।
- योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।
- स्थानिय सरकार संचालन एन २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।
- कर कट्टी रकम पटक पटक एवं एकमुष्ठ दाखिला गरेको ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • योजना कार्यान्वयनको कार्यतालिका नबनाएको ।<br>• स्विकृत नयाँ मलेप फारम नं अनुसारको अद्यावधिक अभिलेख नराखेको ।<br>• कतिपय कारोवारको ७ पटक सम्म रिभर्स भौचर उठाएको ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कतिपय परीवारका सदस्यलाई हस्ते गरी बुझाएको ।<br>• कतिपय उ.स. तथा वडा कार्यालयको खर्च भर्पाई मार्फत भुक्तानी गरेको ।<br>• इन्धनको प्रयोगमा लगबुक आंशिक मात्र राखेको ।<br>• मर्मत अभिलेख अद्यावधिक नगरी रु१०१२५८५ खर्च लेखको ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६. | **सेवा प्रवाह** लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार अ ब ०७६।७७ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । | |

| सि न | विवरण | विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | ३६६ |
| २ | जन्म मृत्यु दर्ता | १७९ |
| ३ | नक्सा पास | ५८ |
| ४ | नाता प्रमाणीत | ३०४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ७. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कालिका पाठकले २०७६।३।१० गते रु.५८ करोड ६५ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८. | **योजना तर्जुमा र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आर्थिक, समाजिक, एवं पूर्वाधार विकास लगायतका क्षेत्रमा रु४३ करोड ८२ लाख ७२ हजार बजेट ब्यवस्था गरेकोमा रु२९ करोड ९५ लाख १३ हजार खर्च गरेको देखिएको छ । सञ्चालित कुल ४८२ योजनाहरू मध्ये १ लाख भन्दा कममा १२८ योजना १–५ लाख सम्मका २८५ योजना, ५–१० लाख सम्मका ३५ योजना र १० लाख भन्दा माथी ३१ योजना सञ्चालन भएकोमा ६ वटा योजना क्रमागत रहि उपभोक्ता समितिवाट ४७९ र ठेक्कावाट ३ योजना संचालन गरेको पाइयो । पालिकाले साना तथा टुक्रे योजना धेरै सञ्चालन गरेको, मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटोमा रकम खर्च गरेको देखिन्छ । तसर्थ पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१ करोड २५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७७।३।९को निर्णयबाट खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| क स | अवण्डा शिर्षक | रकम | अवण्डा वाट खर्च भएको कार्यक्रम (रु हजारमा) |
|---|---|---|---|
| १ | समपुरक कोष | ४००० | प्रकोप र पहिरो नियन्त्रणमा रु४००० हजार |
| २ | मर्मत संभार कोष | ३००० | सडक मर्मत तर्फ सवै खर्च भएको |
| ३ | वातावरण व्यवस्थापन | ५०० | खर्च नभएको |
| ४ | नागरीक संमृद्धि कोष | ५००० | खर्च नभएको |
| | जम्मा | १२५०० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | **कार्यक्रम परिवर्तन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरित वडा कार्यालयहरूको सिफारीसमा गाउँकार्यपालिकाले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो । (रु हजारमा) | |

| सिन | मैजुदा कार्यक्रम | रकम | परिवत्तित कार्यक्रम | रकम | मिति |
|---|---|---|---|---|---|
| १ | समपुरक कोष | ४००० | प्रकोप व्यवस्थापन | ३००० | ०७७।३।९ |
| २ | वडा न ७ विभिन्न ४ | २०७५ | पहिरो नियन्त्रण | १००० | ०७७।३।९ |
| ३ | वडा नं १ ट्याक्टर खरिद | ५०० | विभिन्न ७ | २०७५ | ०७७।३।९ |
| ४ | वडा नं २ विभिन्न ४ | ३७५ | माछा र बाखा पालन | ५०० | ०७७।३।९ |
| ५ | वडा नं ३ वाख्रा पालन | ३०० | विभिन्न ५ कार्यक्रम | ३७५ | ०७७।३।९ |
| ६ | सवै वडा ३० कार्यक्रम | ५५४५ | मकै वाली | ३०० | ०७७।३।९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११. | **प्रगति विवरण नभएको** ःस्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिवाट सञ्चालीत ४७९ योजनाहरु समेत कुल ४८२ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरुको प्रगति विवरण पेश हुन आएन । सञ्चालीत योजनाहरुको कार्यसम्पन्न अवस्था, वितिय एवं भौतिक प्रगति स्थीति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अत ः स्वीकृत कार्यक्रम बमोजीम कार्य सञ्चालन र सञ्चालीत कार्यको प्रगति विवरण तयार हुनुपर्दछ । | |
| १२. | **सञ्चालन नभएका कार्यत्रमहरुः गाँउपालिकावाट** संचालननभएका कार्यक्रमहरु निम्नानुसार देखिएको छ । पालिकाले प्राप्त कार्यक्रमहरु संचालन गरी वजेट उपयोग क्षमता बढाउनुपर्दछ । (रु हजारमा) | |

| सि. न. | बजेट/उपशिर्षक | बजेट | कार्यक्रम खर्च |
|---|---|---|---|
| १ | प्रदेश पूर्वाधार विकास | ६९१२ | ०० |
| २ | पर्यटन पूर्वाधार विकास | २५०० | ०० |
| ३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | १० | ०० |
| ४ | युनिसेफ | २२ | ०० |
| ५ | उ.स वाट सञ्चालन हुन नसकेका विभिन्न ६८ योजना | ७४१३२ | ०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा ८३५७६ | |

**१३.** **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | पूजिगत | ९९३७७ | ९३६ | १९००३ | ७९४३८ | ४९९४६ |
| | खर्च प्रतिशत | १०० | ०.९४ | १९.१२ | ७९.९४ | ५०.२६ |

**१४.** **क्षेत्रगत बजेट र खर्च**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४०६१०००० | २०१७०८८८ | ५.३० |
| सामाजिक क्षेत्र | २४४०३०००० | २१३१२७१४८ | ५५.९७ |
| पूर्वाधार विकास क्षेत्र | १५३६३२००० | ६५४१४९७३ | १७.१८ |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १५८९३००० | १११४७४९२ | २.९३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०१०८८००० | ७०१३६९२७ | १८.४२ |
| जम्मा | ५५५२५३००० | ३८०७९७४३० | १०० |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

**१४.१.** **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु२२६१३५२७ राजस्व बाँडफाँड र अनुदानबाट रु ३६७५०२६५३ .समेत रु५१६७०६६५७ आम्दानी भएकोमा चालु तर्फ रु२८१४२०००० र पूँजिगत तर्फ रु ९९३७७००० र बित्तिय ब्यबस्था तर्फ रु ० समेत रु ४६७५८६३९६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.८४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु७७८७१०० खर्च भएको छ जुन आन्तरिक आयको ३४.४४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.५८ प्रतिशत चालु र २७.०४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**१४.२.** लेखापरिक्षण लाई प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरीक आम्दानी रु२२६१३५२७ रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु७०१३६९२७ रहेको छ । आन्तरीक आयको तुलनामा प्रशासनिक

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्चको हिस्सा ३.१० गुणा बढी रहेको छ । पालीकाले आन्तरीक आम्दानीका थप स्रोतहरु बढाउन पहल गर्नुपर्दछ । | |
| | संगठन तथा कर्मचारी ब्यवस्थापन | |
| १५. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १२ पदमा ३७ जना कर्मचारीहरु करारमा राखी रु.९७१४३८० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सव इन्जिनियर १, क.अ १, स.कअ १, अमिन १, ना.प्रा.स १, अ.स.ई. १, ना.प्र.स्वा. १, सामेतको ७ पदमा ९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३१५४७१० भुक्तानी गरेको देखिन्छ । | |
| १६. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.३१००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन । | |
| | • कानून निर्माण एवं कार्यान्वयन | |
| १७. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ३ वटा नियमावली, १७ कार्यविधि लगायत ४४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले १३ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १८. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५ र यो बर्ष थप भएको २२ गरी कुल २७ विवाद दर्ता भएकोमा १४ वटा मात्र फछ्र्यौट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १९. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण संघिय हस्तान्तरीत कार्यक्रमको कोलेनिका दोलखावाट र अन्य कार्यक्रमको आलेप शाखा गठन गरी १ आलेप सहायक बाट गराएको देखियो । | |
| | • **पदाधिकारी सुविधा** | |
| २०. | **पदाधिकारी सुविधा** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएको संचारमा रु.७६८००० खाजामा रु.१११००००, पुस्तक, पत्रपत्रिका, इन्टरनेटमा रु.६००००० खानेपानी तथा बिजुलीमा रु.३९००००, सरसफाई तथा मर्मतमा रु.२४००००., डिजेल पेट्रोलमा रु.९३००००, अतिथि सत्कारमा रु. १३०२००० र समन्वयभत्ता रु११४०००० र ०७६ असोजसम्मको पारीश्रमीकमा रु१३०७१०० गरी रु.७७८७१०० भुक्तानी खर्च लेखेको पइयो । | |
| २१. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.२० लाख बजेट विनियोजन गरेकोमा विभिन्न प्रतिवेदनवाट रु११३४५२१८ देखाएको छ । सुत्रमा बजेट शिर्षक एकिन गरी पोष्टीङ गरनुपर्दछ । | |
| २२. | **गाडी भाडा र मर्मत खर्चः** गाँउपालिकाले यस बर्ष गाडी भाडा वापत ८९९५०० र मर्मत खर्चमा रु२१७०४५८ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ । | |
| २३. | **सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार र दैवि बिपत्ती प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.३००४२४७ सामाजिक सहायता र रु१००००० अन्य सहायता समेत रु३१०४२४७ वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | • **अनुदान प्राप्ति र वितरण** | |
| २४. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| कार्यक्रमको नाम | अनुदानग्राहीको संख्या | अनुदान रकम |
|---|---|---|
| व्यावसायीक चौरी पालन कार्यक्रम | १ | ५००,०००.०० |
| भेडा पालन कार्यक्रम | ४ | २००,०००.०० |
| जर्सी गाई भैसी पालन कार्यक्रम | १० | ३३०,०००.०० |
| बाख्रा पालन कार्यक्रम | ५ | २५०,०००.०० |
| व्यावसायीक खसी पालन कार्यक्रम | ७ | १७५,०००.०० |
| उन्नत जातको बोका पालन कार्यक्रम | २ | १००,०००.०० |
| लेअर्स कुखुरा पालन कार्यक्रम ३ जना | ३ | २००,०००.०० |
| पशुपंक्षी औषधी खरिद कार्यक्रम | - | १०,०००.०० |
| दुधालु गाइ वितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा | १० | ३५०,०००.०० |

| दफा | भौ.नं., मिति र व्यहोरा | | | बेरुजू रकम |
| --- | --- | --- | --- | --- |
| | घाँस खेती बिस्तार कार्यक्रम | - | ५०,०००.०० | |
| | मुर्रा भैसी पालन कार्यक्रम | ८ | २८०,०००.०० | |
| | व्यावसायीक बाख्रा पालन कार्यक्रम प्रति पाठा २५०० का दरले ८ किसानलाइ १० पाठा | ८ | २००,०००.०० | |
| | लेअर्स कुखुरा पालन कार्यक्रम २ किसान | २ | १५०,०००.०० | |
| | खसि पालन कार्यक्रम प्रति पाठा २५०० का दरले ८ किसानलाई १० पाठा | ८ | २००,०००.०० | |
| | व्यावसायीक मुर्रा भैसी, जर्सी गाई पालन ५० प्रतिशत अनुदान | २ | १७५,०००.०० | |
| | माझी उत्थान कार्यक्रम बंगुर पालन | - | १९३,९६९.०० | |
| | पशुपालन कार्यक्रम ५० प्रतिशत अनुदानमा मुर्रा भैसी पालन | १० | ६००,०००.०० | |
| | बाख्रा पालन कार्यक्रम | ७ | ९९,००४.०० | |
| | खसि बोका पालन कार्यक्रम | ८ | २००,०००.०० | |
| | जर्सी गाई पालन कार्यक्रम | ८ | ४००,०००.०० | |
| | मुर्रा भैसी पालन कार्यक्रम | ४ | २८०,०००.०० | |
| | लेअर्स कुखरा पालन कार्यक्रम | ४ | १५०,०००.०० | |
| | कृषि औजार वितरण कार्यक्रम हाते ट्याक्टर | १३० | २,०५०,०००.०० | |
| | कृषि टनेल खरिद तथा वितरण | ३२५ | १,४६०,०००.०० | |
| | मौरी पालन कार्यक्रम | ७० | ८००,०००.०० | |
| | बन्चरे नरेभुङ केरा खेती कार्यक्रम | ३५ | ५००,०००.०० | |
| | सुन्तला जुनार कागती व्यवसायीक खेती कार्यक्रम | १० | २२५,०००.०० | |
| | मौसमी तथा बेमौसमी तरकारी खेती कार्यक्रम | ६० | ४०,०००.०० | |
| | चिया खेती बिस्तार कार्यक्रम | ३० | २००,०००.०० | |
| | सामूहिक किवी खेती कार्यक्रम | ३७ | २७५,०००.०० | |
| | अलैची खेती बिस्तार कार्यक्रम | - | १००,०००.०० | |
| | नर्सरी व्यवस्थापन कार्यक्रम | १ | १००,०००.०० | |
| | अदुवा खेती कार्यक्रम | १० | १००,०००.०० | |
| | व्यवसायिक किसान तालिम | - | १५०,०००.०० | |
| | च्याउ खेती कार्यक्रम | १ | ५०,०००.०० | |
| | उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | १० | ५०,०००.०० | |
| | किवी खेतीका लागि विरुवा खरिद तथा वितरण कार्यक्रम | १२ | १००,०००.०० | |
| | कृषि उपसंकलन केन्द्र | १ | ३००,०००.०० | |
| | पदझट फलफूल कार्यक्रम | - | २००,०००.०० | |
| | अकवरे खुर्सानी कागती, जुनार, अदुवा, बेसार , टिंमुर नर्सरी कार्यक्रम | - | २००,०००.०० | |
| | च्याउ खेती तालिम तथा बिउ वितरण कार्यक्रम | - | ५०,०००.०० | |
| | टिंमुर खेती कार्यक्रम | - | २००,०००.०० | |
| | तरकारी संकलन केन्द्र व्यवस्थापन | - | ५०,०००.०० | |
| | चिया खेतीमा गोडमेल तथा मलजल कार्यक्रम | - | १००,०००.०० | |
| | अमेरिकन फौजी किरा नियन्त्रण | | ९५०,०००.०० | |
| | एवोकाडो विरुवा खरिद तथा वितरण कार्यक्रम | | ५०,०००.०० | |
| | फलफुल खेति कार्यक्रम | | ३००,०००.०० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| अलैंचि बगैंचा व्यवस्थापन तथा रोग नियन्त्रण | | १००,०००.०० |
| सुन्तला कागति ,एभोकाडो किवी खेति विस्तार कार्यक्रम | - | १००,०००.०० |
| जम्मा | | १३,८९२,९७३.०० |

२५. **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१८०५११८ भुक्तानी दिएको देखिन्छ ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | अनिता कार्कि र लक्ष्मी शिवाकोटी | तलब | ९२००० |
| २ | प्रशिक्षक तथा प्रशिक्षार्थि | भत्ता | २८६०० |
| ३ | ४७ विलालय | पाठ्यपुस्तक बापत | १५०५१०० |
| ४ | १९ विद्यालय | उत्तर पुस्तिका परीक्षण | ९७८५० |
| ५ | कालिनाग मावि | स्तरमापन परीक्षा नपुग | ४५००० |
| ६ | तेत्तिसकोटी प्रा वि गुमु | पाठ्यपुसस्तक | २१५६८ |
| ७ | लक्ष्मि शिवाकोटी | तलब | १५००० |
| | जम्मा | | १८०५११८ |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२६. **अनुत्पादक खर्च** - सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.८७५००० खर्च गरेको देखिन्छ ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | निको एकता युवा क्लव | खेलकुद | १००००० |
| ३ | भिमेश्वर युवा क्लव | नाटक प्रर्दशन | ५०००० |
| ४ | सुवर्ण कृर्षि सहकारी संस्था | सहहयोग | १५०००० |
| ५ | वडा स्तरीय महिला क्षमता तथा सिप विकास समिति | तिजगित तथा भेटघाट कार्यक्रम | २००००० |
| ६ | स्कि तथा स्नोवोडिङ्ग प्रतिष्ठान काठमाण्डौ | कुरी च्याम्पियन सिप खेलकुद | २५०००० |
| ७ | मातृभुमि नेपा ड्राईभिङ ट्रेनिङ सेन्टर दोलखा | १० जनालाई ड्राइभिङ तालिम | १२५००० |
| | जम्मा | | ८७५००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

- **कर दस्तुर एवं आन्तरिक आय**

२७. **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा कालिञ्चोक रोप्वयर प्रालि बाट रु४११००० असुल गर्न बाकी रहेको छ ।तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२८.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१००००००</td><td>००</td><td>००</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१०००००</td><td>००</td><td>००</td></tr>
<tr><td>व्यवसाय कर</td><td>३०००००</td><td>००</td><td>००</td></tr>
<tr><td>अन्य कर</td><td>२२०००००</td><td>४६५८६६</td><td>२१.१८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिएको पाइयो । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>कर दाखिला बाँकी: आयकरऐेन २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम कट्टी गरेको रकम रु५०४३०।१५ को राजस्वा दाखिला गरेको पाइएन । उक्त रकमको राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु..</td><td>५०४३०।१५</td></tr>
<tr><td>३०.</td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता ० तथा ७ नवीकरण शुल्क वापत रु.२२००० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको पाइएन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>आन्तरीक आम्दानी: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राखुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु. २२६१३५२७ गरेको बिवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र ९ वटा वडा कार्यालयहरुले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरु र बाकी रहेका रसिदहरुको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०५, १०६,१०७,१०८ लगायत अभिलेखहरु अद्यावधिक राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३२.</td><td>ढुङ्गा गिटी वालुवा कर संकलनः</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार गाँउपालिकाले आ व ०७६।०७७ को ढुङ्गागिटी वालुवाको कर संकलनको लागि ठेक्का ब्यवस्थापन नहुदासम्मको लागी र ठेक्का ब्यवस्थापन नभएको गुमुखोला क्षेत्रको लागि अमानतबाट कर संकलन गरेको पाइयो । यस सम्वन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेको छन ।

| सि नं | क्षेत्र | नगद रसिद बुझिलिनेको नाम | बुझिलिएको रसिद संख्या | फिर्ता गरेको रसिद संख्या | आम्दानी रकम | बैंक दाखिला | दाखिला मिती | दाखिला गर्न बाकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिंगटीर चपलेटी | खडग बहादुर थामी | ४६ | ४६ | १६२१३४० | ३३८६३१० | लगभग हरेक १५ दिनमा दाखिला गर्ने गरेको | १३८१६८ | मिती २०७७।४।२० मा जम्मा गरेको रु ७०००० समेत |
| २ | गुमुखोला | | | | ७८१२०० | | | | |
| ३ | कोशीखेत | | | | ३११४०० | | | | |
| ४ | नागदह/मलेपु | | | | ८१०५३८ | | | | |
| | | जम्मा | ४६ | ४६ | ३५२४४७८ | | | | |

३२.१. कर संकलन गर्न अनुमनति प्राप्त भएको विभिन्न ४ क्षेत्रको लागि करार कर्मचारी खड्क बहादुर थामीले पालिकावाट ४६ रसिद प्याड थान बुझिलिएको एवं फिर्ता गरेकोमा उक्त रसिदहरुवाट रु३५२४४७८ आम्दानी भएको देखियो । उक्त आम्दानी मध्ये मिति ०७७।४।२० बैंक दाखिला रु७० हजार समेत जम्मा रु३३८६३१० बैंक दाखिला भएको र बाँकी रु१३८१६८ लेखापरीक्षण अवधि २०७७।१२।१३ सम्मपनी दाखिला भएको पाइएन । दाखिला बाँकी कर सम्वन्धीतवाट असुल गरी सो मा लाग्ने ब्याज तथा हर्जना समेत नियमानुसार हिसाव गरी दाखिला हुनुपर्ने रु.. १३८१६८

३२.२. गाँउपालिकाले उल्लेखित कर स्कलन रकम रु३५२४४७८ मा मुअकर समेत उठाएकोमा १३ प्रतिशत ले हुने रु४५८१८२।१४ राजस्व दाखिला गरेको पाइएन । मुअकरको राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.. ४५८१८२

३२.३. उल्लेखित आम्दानी रकम करीव महिनाको २ पटकका दरले बैंक दाखिला भएको विवरण प्राप्त भएको भएको छ । नियममा तोकिए अनुसार समयमानै आम्दानी रकम बैंक दाखिला हुनुपर्दछ ।

३३. **आय ठेक्का:** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा भएको ब्यवस्था बमोजिम गाँउपालिकाले पालिका अन्तर्गत पर्ने खोला तथा नदिनालावाट **IEE** प्रतिवेदनमा उल्लेखित परीमाण भित्र रही वालुवा गट्टी रोडा ग्राभेल र लोहोर ढुङ्गा समेतमा संकलन तथा निकासीकर संकलन गर्न मिति २०७६।८।१० मा सुचना प्रकाशीत गरेको पाइयो । यस सम्वन्धमा देखिएका ब्योहोरा निम्नानुसार रहेका छन ।

| सि. न | क्षेत्र | न्युनतम कबोल अंक मुअकर बाहेक | कबोल दाता | कबोल अक मुअकर बाहेक | सम्झौता मिति | प्राप्त रकम | प्राप्त मिति | बाकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिंगटी । चिप्लेटी | ३९९५००० | राजेश एण्ड ब्रदर्स निर्माण तथा सप्लायर्स भिनपा ३ | ३९९६००० | २०७६।९।२७ | १०३००० | ०७६।९।२५ | | ठेक्काको सुचनाको अवधिमा कार्यालयले असुल गरेको रु ७२७५६० कट्टा गरेको |
| | | | | | | ३६८४९२० | ०७७।५।१५ | | |
| २ | कोशी खेत | ३३६५००० | चण्डी एग्रीगेट प्रालि कालिञ्चोक ७ | ३३६५००० | ०७६।१०।८ | ३५२०५७० | २०७७।४।१३ | | ठेक्काको सुचनाको अवधिमा कार्यालयले असुल गरेको रु २८१८८० कट्टा गरेको |
| ३ | | २७१०००० | | २७७१००० | २०७६। | ७८५०० | २०७६। | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नगदह मलेपु | | राजेश एण्ड ब्रदर्स निर्माण तथा सप्लायर्स भिनपा ३ | | १०।२ | २३०३३०५ ६५७०० | १०।२ ०७७।५ ।२५ २०७७ | | ठेक्काको अवधिमा सुचनाको कार्यालयले असुल गरेको रु ६८३७२५ कट्टा गरेको |
| ३३.१. | उल्लेखित ठेक्का व्यवस्थापन कबुलीयत करारमा भरी सम्झौता गरेकोमा पालिकावाट सुचना प्रकाशन गरेको मिति ०७६।८।१० देखि सम्झौता नगर्दाको अवधिमा नगदी रसिदबाट कर संकलन गरेको रकम सिं नं १ र ३ को रु१४११२८५ सम्झौता गर्दा नै घटाइ र सिन २ को रु२८१८८० सम्झौतापछी अन्तीम भुक्तानीमा घटाई असुली गरेको पाइयो । सुचना प्रकशनको मिति देखि सम्झौता गर्दाको मितिसम्मको रकम घटाउदा पालिकालाई रु१६९३१६५ कम कर संकलन भएको, सम्झौताभन्दा कम प्राप्त हुन गई थप आर्थिक व्ययभार पर्न गएको देखिन्छ । | | | | | | | | | |
| ३३.२. | पालिकाले मिति २०७७।३।२९ को पत्रानुसार उल्लेखित कबोलदाको कृर्षी विकास बैक चरीकोटमा कार्य सम्पादन जमानत रोक्का गरी मिति २०७७।४।१३ र ०७७।५।२५ मा पालिकाले खातामा रु९५७४४९५ दाखिला भएको देखिन्छ । | | | | | | | | | |
| ३३.३. | कवोलदातासँगको सम्झौताको बुदा नं १० मा संकलन तथा उत्सखननको परीमाणको विवरण प्रत्येक महिनामा पालिकामा अनिवार्यरुपमा पेश गर्नुपर्ने उल्लेख छ । कबोलदाताले उत्खनन तथा संकलन परीमाणको विवरण पेश गरेको पाइएन । | | | | | | | | | |
| ३३.४. | ढुङ्गा गिटी वालुवाको उत्खनन सम्वन्धी मापदण्डमा बर्षादको समयमा उत्खनन गर्न नपाइने व्यवस्था छ । पालिकाले उल्लेखित कबोलदातासँग आ.व ०७६।७७ को पुरै अवधिको लागि सम्झौता गरेको पाइयो । उत्खनन तथा संकलन सम्वन्धी मापदण्ड र कानुनको परीपालना गर्नुपर्दछ । | | | | | | | | | |
| ३३.५. | सम्झौताको बुदा नं १३ मा संकलन तथा उत्खनन कार्य सुर्योदय देखि सुर्यास्तसम्मको अवधि तोकिएको र बुदा नं १२ मा उत्खनन लगायतको प्रकृयामा पालिकाबाट अनुगमन एवं निर्देशन सम्वनधी व्यवस्था उल्लेख छ । पालिकावाट यस सम्वन्धमा अनुगमन एवं निर्देशन भए गरेको देखिएन । | | | | | | | | | |
| ३३.६. | सम्झौताको बुदा नं ४ मा नियमानुसार मुअकर थप गरी उठाउनुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित ३ कवोलदातावाट रु१०१३२००० कबोल गरेको देखियो । उक्त कबोल अंक मध्ये सुचना प्रकाशन मिति ०७६।८।१० देखि ठेक्का सम्झौता सम्मको अवधिको नगदी रसिदवाट प्राप्त रकम रु१६९३१६५ घटाउदा रु८४३८८३५ प्राप्त भएको देखिन्छ । उक्त प्राप्त रकमको मुअकर १३ प्रतिशत हुने रु१०९७०४८।५५ राजस्व दाखिला हुनुपर्ने रु.. | | | | | | | | | १०९७०४८ |
| ३४. | **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यबस्था गरेको छ । यसै सम्बन्धमा *बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी व्यबस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।* यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः | | | | | | | | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । *यसगाँउपालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु११९६३३१३ राजस्व प्राप्त गरेकोमा रु १३२४५०८ प्रदेशसंचितकोष र रु १०६३८८०५ स्थानिय संचितकोषमा जम्मा गरेको पाईयो* / गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| ३५. | **मेशीनरी औजार वाट आम्दानीः** गाँउपालिकाबाट १ टिपर, १ ब्यकहोलोडर र १ एक्साभेटर विभिन्न उपभोकता समितिहरुलाई भाडामा लगाई रु३२३९३५६।९० आम्दानी गरेको देखिन्छ । उक्त आम्दानी मध्ये टिपरको आम्दानी एवं दाखिला रु४८००० भएकोमा ब्याकहो लोडर र एक्साभेटरको आम्दानी रु३१९१३५६।९० मध्ये रु१४७४७०८ दाखिला भई बाँकी रु१७१६६४८।९० देखिएको छ । बाँकी मध्ये रु१३१९३२५ ०७७ श्रावणमा दाखिला भएको बैक स्टेटमेन्टबाट देखिन्छ । बाँकी रकम रु३९७३२३।९० रसिद बुझिलिने खड्क बहादुर थामीवाट असुल गरी पालिकाको संचितकोष खातामा दाखिला हुनुपर्दछ रु..<br>पालिकाले यान्त्रीक उपकरण संचालन गरेको आम्दानी रु३२३९३५६।९० मा भाडा कर रकम हिसाव गरी कर ब्यवस्थापन गर्नुपर्दछ । | ३९७३२३ |
| ३६. | **वडागत आम्दानीः** लेखापरीक्षणलाई प्राप्त वडागत आम्दानी नगदी रसिद बुझिलिएको, फिर्ता गरेको र सो को बैक दाखिला अवस्था निम्नानुसार देखियो । | |

| वडा नं. | गएको ठेली नगदी / मालपोत | बुझिलिनेको नाम | फिर्ता आएको ठेली | नगदी रसिद आम्दानी | मालपोत रसिदको आम्दानी | जम्मा रकम | बैक दाखिला | बाकी बैक दाखिला गर्न बाकी रकम | बैक दाखिला मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १२ | राम्जी प्रसाद शिवाकोटी | ८ | २२५४२ | १२५०८ | ३५०५० | ३५०५० | ० | मासिक रुपमा दाखिला गर्ने गरेको | |
| २ | १२ | जिग्मी तमाङ | १५ | ५२७३ | १९९४२ | २५२१५ | १४४३८ | ० | मासिक रुपमा दाखिला गर्ने गरेको | ०७७/४/१९ |
| ३ | १७ | झरण के सि / कमल कुमार शाह | १० | ३७४८४ | ३८४३० | ७५९१४ | ५६३०५ | १९९४.५ | मासिक रुपमा दाखिला गर्ने गरेको | ०७७/४/२० |
| ४ | १५ | रमा देवी ओली | ६ | १२२५० | १६२०३ | २८४५३ | २७३५३ | ११०० | मासिक रुपमा दाखिला गर्ने गरेको | |
| ५ | १४ | सविन थामी /श्याम कृष्ण थापा | १३ | ३८८८० | ५९०४ | ४४७८४ | ४१७३६ | ३०४८ | मासिक रुपमा दाखिला गर्ने गरेको | |
| ६ | १६ | खेल ब थामी | १५ | ३६८७८ | ३०७४५ | ६७६२३ | ८७१३१ | ० | मासिक रुपमा दाखिला गर्ने गरेको | |
| ७ | १५ | दिपक खरेल / रामशरण ओली / मिरा खुलाल | ८ | ४५८१४ | ११९२२ | ५७७३६ | ५२१८५ | ५५५१ | मासिक रुपमा दाखिला गर्ने गरेको | |
| ८ | १५ | डम्बर बयलकोटी | ११ | २७७४२ | १५८४१ | ४३५८३ | ३७३३५ | ४१५८ | मासिक रुपमा दाखिला गर्ने गरेको | ०७७/४/१२ |
| ९ | १४ | उद्धब शाही | १५ | २ङ्क+०५ | १८३७० | २ङ्क+०५ | १८२२१८ | ० | मासिक रुपमा दाखिला गर्ने गरेको | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

**क.** आन्तरीक आयमा प्रयोग हुने रसिदहरुको फिर्ता आयको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित गरेको पाइएन ।

**ख.** गत आ.व.मा छपाई भएका नगदि रसिदहरु समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक गरेको पाइएन ।

**ग.** वडामा पठाइएको रसिदहरु र हाल रसिदको अवस्थाको सम्वन्धमा अभिलेख अद्यावधिक नभएको,

**घ.** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ ।बैक भौचरका आधारमा मासीक रुपमा आम्दानी बाधेको र सो अम्दानी के कहिले अम्दानी भयो वडागत रुपमा अभिलेख राखेको पाईएन । अभिलेख ब्यवस्थितगरी समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।

**ङ)** उल्लेखित रसिद बुझीलिनेहरुबाट वडा नं १ ले ४ घटी, वडा नं २ ले ३ बढी, वडा नं ३ ले ७ घटी वडा नं ४ ले ९ घटी, वडा नं ५ ले १ घटी, वडा नं ६ ले १ घटी, वडा नं ७ ले ७ घटी, वडा नं ८ ले ४ घटी र वडा नं ९ ले १ बढी रसिद देखि बुझिलिएको भन्दा फिर्ता आएको देखियो । रसिद बुझिलिएको भन्दा ३३ ठेलि कम फिर्ता भएको र उक्त रसिदवाट भएको आम्दानी एवं वैक दाखिला समेत पालिकावाट एकिन हुनुपर्दछ । आम्दानी र बैक दाखिला कम भएको भए नियमानुसार लाग्ने ब्याज तथा हर्जना समेत हिसाव गरी असुल गर्नुपर्दछ ।

**च)** वडा नं ६ का खेल बहादु थामीको नगदी रसिदमा देखाएको आम्दानी भन्दा रु१९५०८ र वडा नं ९ का उद्धव शाहीको रु ५७८६ बढी बैक दाखिला भएको सम्वन्धमा एकिन हुनुपर्दछ ।

**छ)** उल्लेखित आम्दानी रकममध्ये वडा नं २ को रु १०७७७ मिति ०७७।४।१९ मा, वडा नं ३ को बाकी रु १९६०९।५ मध्ये रु१७६१५ मिति ०७७।४।२० मा र वडा नं १४ को बाँकी मध्ये रु२०९० मिति ०७७।४।१२ मा बैक दाखिला भएको छ ।सो बाहेक निम्नानुसार बैक दाखिला गर्न बाँकी रकम लेखापरीक्षण अवधिसम्म पनि दाखिला भएको नपाइएकोले नियमानुसार लाग्ने ब्याज तथा हर्जना समेत हिसाव गरी दाखिला प्रमाण पेश हुनुपर्ने रु.. १५८५१

| सि.न | वडा नं | विवरण | रकम |
|---|---|---|---|
| १ | ३ | भरत केसी | १९९४।५० |
| २ | ४ | रमादेवि ओली | ११०० |
| ३ | ५ | सविन थामी | ३०४८ |
| ४ | ७ | दिपक खरेल | ५५५१ |
| ५ | ८ | डम्वर बयलकोट | ४१५८ |
| | **जम्मा** | | **१५८५१।५०** |

ज) लेखापरीक्षणलाई प्राप्त विवरण अनुसारको फिर्ता आएको रसिद ठेलीको भौतीक गणना गर्दा वडा नं १ को ८ ठेलि प्याड फिर्ता देखाएकोमा ४ ठेलि प्याड मात्र पेश भएको र वडा नं ८ को ११ फिर्ता देखाएकोमा १६ ठेलि प्याड देखिएको छ । यस सम्वन्धमा पालिकावाट एकिन हुनुपर्दछ ।

- **उपभोक्ता समिति मार्फत कार्य**

३७. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाँउकार्यपालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २५।०७६।९।१६ | ठुलो खेलकुद मैदान वडा ३ | माटो खन्ने | १५०००० | एक्साभेटर | १७४१३३ |
| ९५।०७६।११।१६ | वोर्जिनि वगरखोर सडक | माटो काट्ने | ४८०००० | एक्साभेटर | ५०४४५९ |
| १६८।।०७७।२।१३ | चिहानडाडा गोर्खेटोल विचगाँउ मानेडाडा सडक | सडक निर्माण | ३०७२०० | एक्साभेटर | ३४७२२६ |
| २००।०७७।२।२१ | थुम्का पाडेखोला दोल्ती खोला सडक | माटो खन्ने | ४८०००० | एक्साभेटर | ५३९२०४ |
| २०७।०७७।२।२७ | सवै ग्रामीण मर्मत वडा ३ | माटो खन्ने | ४००००० | एक्साभेटर | ४५५७०८ |
| | जम्मा | | | | २०२०७३० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३७.१. | माथि उल्लेख गरिएका लगायत अधिकांश योजनाहरुको गाँउपालीकाले उपभोत्ता समितिसँग सम्भैःता गरी प्राविधिक कर्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिएको छ । अधिकांश उ.स. हरुले एक्साभेटर लगायतका हेभिइक्युपमेन्टहरु प्रयोग गरेको निर्माण ब्यावसायिका कर बिजकहरु पेश गरी भुक्तानी लिएको छ । उपभोत्ता समितिले भुक्तानी लिएको रकमको तुलनामा बढी मुल्यका कर बिजकहरु पेश गरी निर्माण ब्यवसायीले गाँउपालिकाबाट भुक्तानी लिएको रकमभन्दा बढी रकम उपभोत्ता समितिसँग भुक्तानी लिएको पाइएकोले उत्त निर्माणा कार्यहरु बास्तवीकरुपमा भएका छन भनी आस्वस्थ हुने आधार एकिन भएन । | |
| ३८. | **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| सि.न. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १. | झरेनी आरसिसि पुल निर्माण | पुल निर्माण | ४००००० |
| २. | चिस्पानकेन्द्र भवन निर्माण सिंगटी | भवन निर्माण | १५००००० |
| ३. | दोलखा उद्योग बाणीज्य संघ सिंगटी | भवन निर्माण | १९०८००० |
| ४. | हिलेपानी सामुदायिक स्वास्थ्य भवन निर्माण | भवन निर्माण | ३००००० |
| ५. | थामी संग्राहलय निर्माण | भवन निर्माण | १९७०७९२ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३९. | **सब कन्ट्याक्टरवाट काम गराएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरवाट काम गराउन नहुने उल्लेख छ । कार्यालय र उपभोक्ता वीच सम्झौता भई वाटोको ट्र्याक खोल्ने, पहिरो हटाउने लगायतका वाटो, मोटर वाटो सम्बन्धी काम उपभोक्ताले गर्ने भनिएपनि स्रेस्ता परीक्षण गर्दा अकिकांश काम निर्माण व्यवसायीवाटै गराउने गरेको देखियो उपभोक्ताले पेश गरेको विलमा केही नि:शुल्क श्रम वापत भनी मस्टररोलमा काम गरेको देखाएपनि अधिकांश योजनाहरुको निर्माण कार्य निर्माण व्यवसायीवाटै गराएको उल्लेख गरी उपभोत्ताको योगदान बाहेकको बाकी रकम निर्माण व्यावसायीको कर विजक पेश गरी भुक्तानी  गरेको पाइयो । कानूनको परिपालना नगरी काम गराएकोलाई नियमसम्मत मान्न सकिएन । केही उदाहरण निम्नछन्: | |

| भै.न.मिति | उपभोत्ताको समितिको नाम | कामको विवरण | ल.ई | निर्माण व्यवसायी | कन्ट्र्याक्टरको विल | उ.स लाई भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३१।०७६।९।१७ | सोरुङ खोला स्यावाराम निको भुमे सडक | नरम माटो खन्ने | ८३७०२८ | निकोभुमे कन्ट्रक्सन प्रालि | ९७७९१८ | ७७२३४३ |
| १२८।०७७।१।२४ | कटुवा चौर दोर्जे गुजर्पा सडक | नरम माटो खन्ने | ४४७८४५ | जय माँ कालिका कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ४४९६२७ | ३८४००० |
| १८०।०७७।२।१५ | चनौटे भोवटीनि सडक | माटो खन्ने | २२८७६७ | पैनी निर्माण सेवा | २१८३१६ | १८९५१३ |
| २०१।०७७।२।२१ | पाँडिखोला चदर्खा सडक | माटो खन्ने | ३४२९५४ | जयहनुमान विल्डर्स भिनपा ३ | ३४४३७६ | ३०७१७७ |
| २२३।०७७।३।७ | पोखरे गुमवेशी कोइराले राते सडक | माटो खन्ने | १०५६२६९ | निकोभुमे कन्ट्रक्सन प्रालि | ११२५३८९ | ९२१६०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | **खरिद विल:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। निम्न योजनाहरुको उपभोक्ता समिति मार्फत निर्माणकार्य गराएकोमा कार्य सम्पन्न प्रतिवेदनमा प्रयोग भएका पिसिसि, आरसिसि, मेशिनरी वाल लगायतका आईटमको कामको परिमाण अनुसार प्रयोग भएको सिमेन्टको परिमाण  भन्दा उपभोक्ता समितिले खरिद गरेको सिमेन्टको विल कम पेश भएको पाइयो । कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण भन्दा खरिद विल कम भएको निम्नानुसार रकम सम्वन्धित उपभोक्तासमिति सँग असुल गर्नुपर्ने रु.. | ५८७४३० |

| भौ मिति | उ.स | ल ई | कार्यसम्पन्न | दर बवक्षेषण अनुसार क स मा उल्लेख परीमाण | कार्य | उ.स को विल पेश | कम | जिल्ला दररेट अनुसार हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| २३।०७६।९।१६ | पोखरेमन्दिर निर्माण वडा ३ | ३४०२७३ | ३६२३८७ | ७५ बोरा | १:२:४ पिसिसि<br>१:१.५:३ पिसिसि<br>१:६ स्टोन मेशीनरी<br>१:६ इट्टाको गारो | ५३ बोरा | २२ बोरा | २४४८६ |
| ५५।०७६।१०।८ | जनजाती भवन मर्मत संभार | ११३३६१ | ११५८९१ | २०.७९ बोरा | १:६ ढुङ्गाको गारो | ८ बोरा | १२.७९ बोरा | १४२३५ |
| ७९।०७६।११।२ | धमिरेखोला चडेरी सव विश्राम गृह | ३९०५३८ | ३९३५२९ | ५८ बोरा | १:६ढुङ्गाको गारो<br>१:२:४ पिसिसि | २५ बोरा | ३३ बोरा | ३६७२९ |
| ८१।०७६।११।७ | सिसागोलाई प्रतिक्षालय निर्माण | १६७५०८ | १६८०८५ | २९बोरा | १:६ढुङ्गाको गारो<br>१:२:४ पिसिसि | १० बोरा | १९बोरा | २११४७ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | ८६।०७६।११।७ | तोरीखेत शिवमन्दीर निर्माण | ३९३०३२ | ३९८४७८ | ६५ बोरा | १:६ ढुङ्गाको गारो<br>१:६इट्टाको गारो<br>१:२:४ पिसिसि | २० बोरा | ४५बोरा | ५००८५ |
| | १०६।०७६।१२।३ | धमिरेखोला रातोमाटे सिंचाई | २८४६९२ | २८८६४३ | ८४ बोरा | १:२:४ पिसिसि<br>१:४स्टोन मेशिनरी<br>१:४ मा २० एम एम पलास्टर | ५० बोरा | ३४ बोरा | ३७८४२ |
| | १३०।०७७।१।२७ | चण्डीथान पैयुस्वारा सडक पक्की नाला | ७७५०९८ | ७८९०५८ | ४८ बोरा | १:६ स्टोन मेशीनरी<br>१:३:६ पिसिसि | १५ बोरा | ३३ बोरा | ३६७२९ |
| | १८५।०७७।२।१६ | थामी संग्रालय मेशीनरी वाल | ११२६०६८ | ११२६८११ | २३० बोरा | १:६ स्टोन मेशीनरी | १९०बोरा | ४०बोरा | ४४५२० |
| | २०६।०७७।२।२६ | भुरेरी आरसिसि पुल | ४६३५६३ | ४७११७३ | ९५ बोरा | १:४ स्टोन मेशीनरी<br>१:२:४ पिसिसि | ५० बोरा | ४५ बोरा | ५००८५ |
| | २०९।०७७।२।२७ | पुवालेको रुख बालिविज्ञान सडक | ४४६७११ | ४४६७११ | ८० बोरा | १:६ स्टोन मेशीनरी<br>१:२:४ पिसिसि | ६० बोरा | २० बोरा | २२२६० |
| | २१४।०७७।२।३१ | महिला विकास भवन निर्माण | ७००६२७ | ७०१३७५ | ९७ बोरा | १:२:४ पिसिसि<br>१:६ स्टोन मेशीनरी | ७० बोरा | २७ बोरा | २२२६० |
| | २१५।०७७।३।३ | नगथान मन्दिर निर्माण | ५६०४४८ | ५६२२२८ | ८४ बोरा | १:२:४ पिसिसि<br>१:६ स्टोन मेशीनरी<br>१:६ ब्रिक मेशीनरी<br>१:१.५:३ आरसिसि | ५० बोरा | ३४ बोरा | ३७८४२ |
| | ३१३।०७७।३।३० | घटेखोला लेखर्क गोल्माथान गैरी सडक | १५८५०२२ | १५४१४७१ | २८० बोरा | १:२:४ पिसिसि<br>१:६ स्टोन मेशीनरी | ११० बोरा | १७० बोरा | १८९२१० |
| | | जम्मा | | | | | | | ५८७४३० |
| ४१. | **कार्यसम्पन्नमा भन्दा कम खरीद भएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ। निम्न योजनाहरुको उपभोक्ता समिति मार्फत निर्माणकार्य गराएकोमा कार्य सम्पन्नमा उल्लेख भएको रड खरिदको परिमाणभन्दा घटी बिल पेश भएको छ । कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण भन्दा खरिद विल कम भएको निम्नानुसार रकम सम्वन्धित उपभोक्तासमिति सँग असुल गर्नुपर्ने रु.. | | | | | | | | ३२९२०५ |

| भौमिति | उस | लई | कार्यसम्पन्न | कस मा उल्लेख परीमाण | कार्य | पेश भएको परीमाण | कम | जिल्ला दररेट अनुसार हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १३५।०७७।१।२८ | जौ बारी आरसिसि पुल निर्माण | ४४५८५९ | ४००००० | ८२४.२२ केजि | रड | ३३२ केजि | ४९२.२२ केजि | ६५२१४ |
| २०६।०७७।२।२६ | भुरेरी आरसिसि पुल | ४६३५६३ | ४७११७३ | ९६३.१५ केजि | रड | ६५० केजि | ३१३.१५ केजी | ४०८९१ |
| २१५।०७७।३।३ | नगथान मन्दिर निर्माण | ५६०४४८ | ५६२२२८ | १००९.७८ केजि | रड | १५० केजि | ८५९.७८ केजि | १०८६३३ |
| २५३।०७७।३।१८ | उर्लिनि छहरा आरसिसि पुल | २२६३२९ | २२८७८२ | ५८८.७५ केजि | रड | ४४१ केजि | १४७.७५ केजि | १७४३० |
| २९३।०७७।३।२९ | टयाम्पेथली झो पु | ५५७२८७ | ५५९९८५ | ८४२.२२ केजि | रड | ६४२ केजि | १३२.४९ केजि | २४१४२ |
| संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम | | | | | | | | |
| ३७७।०७७।३।२९ | लापिलाङ मावि प्रविधिक विद्यालय | ३२१६२९७ | ३२१८३३७ | ३६४९.१७ केजि | रड | ३०७६ केजि | ५७३.१७ केजि | ७२८९५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा | ३२९२०५ |
| ४२. | **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलृ लागत अनुमान अनुसारको निर्माण कार्य सम्पन्न गरि सकेपछि सम्वन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिकवाट जाँचपास गराई खर्चको विवरण सहित सार्वजनिक सहित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सोही अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिई योजना फरफारक गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपभोक्ता समिति मार्फत निर्माण गराइएका निम्न योजनाहरुको रु१०२७२६१ को कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य भए नभएको विषयमा आस्वस्त हुन नसकिएको अतः कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | १०२७२६१ |

| क्र.स | उपभोक्ता समिति | कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| १. | मिलुजुलि गुवापु खानेपानी सरसफाई आयोजना | मुहान तथा लाईन वितरण | ३३१३३८ |
| २. | टिम्वुरेधारा खानेपानी सरसफाई आयोजना | मुहान तथा लाईन वितरण | ३२१९२३ |
| ३. | सामुदायिक स्वास्थ्य ईकाइ भवन वडा १ | भवन निर्माण | ३७४००० |
| | जम्मा | | १०२७२६१ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४३. | **वील भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ । उपभोक्ता समिति मार्फत भएका निम्न योजनामा उपभोक्ता समितिले निर्माण व्यवसायीका एक्साभेटर । डोजर प्रयोग गरी सडक मर्मत तथा खन्ने कार्य गराई कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण र दरमा उ.स.ले भुक्तानी लिएकोमा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको रकम भन्दा कमका निर्माण व्यवसायीको कर विजक पेश गरेको पाइयो । कार्य सम्पन्न प्रतिवेदन अनुसार पुरै रकमको वील भर्पाइ पेश हुनुपर्नेमा घटी वील पेश गरेको निम्नानुसारको रकम सम्वन्धीत उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु.... | १७८६७६ |

| भौ न मिति | योजना | कामको विवरण | परिमाण घमि | कार्यसम्पन्नमा मुल्याङ्कन रकम | बिल पेश | घटी वील |
|---|---|---|---|---|---|---|
| ७८।०७६।१०।२ | सिसागोलाइ कालीमाटी कात्तिके धमिरे सडक | पहिरो पन्छाउने तथा सडक सफा गर्ने | ६१४.२५ | ५२०५७ | ०० | ५२०५७ |
| ९८।०७६।११।२३ | दोर्जे गुजर्पा सडक | सडक सफा गर्ने र ढुङ्गा फुटाउने | ४२७१.५९ | ४४०१९४ | ३८३५६७ | ५६६२७ |
| २२५।०७७।३।८ | सिगटी फापर स्वारा लुकापानि सडक | सडक चौडा गर्ने | ४०५७.५१ | ५३२७७४ | ४९३८१० | ३८९६४ |
| २७७।०७७।३।२४ | स्याउलि खेल मैदान निर्माण | माटो खन्ने लगायत | - | ५४११२१ | ५१००९३ | ३१०२८ |
| | **जम्मा** | | | | | १७८६७६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४. | **वील भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ । उपभोक्ता समिति मार्फत सम्पन्न भएका निम्नानुसारको कार्यमा गाउपालिकाको डोजर प्रयोग गरि भएको मुल्याङ्कनलाई आधार मान्दा मुल्याङ्कन रकम भन्दा गाउपालिकको डोजरको आम्दानी र तेल खर्चको विल जोड्दा हुने रकम कम हुन आउछ । मुल्याङ्कन भन्दा कम बिल पेश भएको निम्नानुसार रकम सम्वन्धित उपभोक्ता समिति मार्फत असुल गर्नुपर्ने रु. | ५५९६७४ |

| भौ न मिति | योजना | लागत अनुमान | उ.सको योगदान | का.सं मा भएको डोजर प्रयोगको मुल्याङ्कन | डोजरको आम्दानी र तेल खर्चको विल | घटी विल | उ.सको अंश कटाई हुन आउने रकम |
|---|---|---|---|---|---|---|---|
| १३८।०७७।१।३१ | यावल खोला वडा कार्यालय पिङडाँडा तारेभिर बाघखोर सडक | ८९०९८७ | ९०९८७ | ८७४६१९ | ७००१७० | १७४४४९ | १५६६३७ |
| १८९।०७७।२।१९ | वडा भरीका ग्रमिण सडक मर्मत | ११४८४७० | १४८४७० | ४०९५०९ | ३४२५३९ | ६६९७० | ५८३१७ |
| १९०।०७७।२।१९ | भिमसेन डाँडा बंश थलि सडक | ५५८५९७ | ५८५९७ | ५६०४५२ | ४४११६५ | ११९२८७ | १०६७७३ |
| २५७।०७७।३।२१ | डाँडा गाँउ बालोप गौरी कालिञ्चोक सडक | ४४५५११ | ४५५११ | ४४६४८९ | ४१८०५२ | २८४३७ | २५५३३ |
| ३४५।०७७।३।३१ | झोरुङखोला बाघखोर सडक | १७९२३७६ | १९२३७६ | १८०००१० | १५६२०६४ | २३७९४६ | २१२४१४ |
| | **जम्मा** | | | | | | ५५९६७४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४५. | **वील भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ। लागत अनुमान रु२२८०३७ रहेको बोझिनि सेतिदेवि मन्दिर निर्माण कार्यको लागि उपभोक्ता समिति र गाँउपालिका विच सम्झौता भई रु२२८८५६ को कार्य सम्पन्न प्रतिवेदन पेश गरि रु २ लाख भुक्तानी भएको छ । (२×१×१ ) को जालि १२ वटा र (१.५×१×१ ) को १० थान जालि खरिद गर्ने लागत इष्टिमेट भएकोमा कार्य सम्पन्नमा उक्त जालि खरिद नगरी ४०.४५ घमी जालि भरेको प्रति घमी को रु२३६६।५० ले रु ९५८४३।२५ मुल्याङ्कन गरी भुक्तानी भएको छ । भने मुल्याङ्कनमा गाँउपालिका वाट उपलब्ध ग्याविन बक्समा ढुङ्गा भर्ने भनि उल्लेख गरिएको छ । उक्त जालि गाँउपालिकावाट खरिद गरि उपभोक्ता समितिले बुझेको भरपाई प्रमाण पेश हुन आएन । जालि भरेको कार्यभएको सम्वन्धमा एकिन हुन नसकिएको रु. | ९५८४३ |
| ४६. | **जालि खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ।लागत अनुमान रु८५९७६२ रहेको पोखरी गेडुले सडकको निर्माण कार्यको लागि सम्झौता भई रु ८६२९९८ को कार्यसम्पन्न प्रतिवेदन पेश गरि रु७६८००० भुक्तानी भएकोमा कार्य सम्पन्न प्रतिवेदन (२×१×१ ) को जालि ३१ थान र(१.५×१×१ ) को जालि ३३ थान खरिद गरेको मुल्याङ्कन गरिएको तर उपभोक्ता समितिले (१.५×१×१ ) को जालि ३० थान मात्र खरिद गरेको ३ थान जालि खरिदको मुल्याङ्कन अनुसार रु६७६४ उपभोक्ता समितिलाई बढी भुक्तानी भएको छ । त्यसै गरी कार्य सम्पन्न प्रतिवेदनमा ११८.४० घ.मी जालि भर्ने कार्यको मुल्याङ्कन भएको उपभोक्ताले खरिद गरेको जालि अनुसार बास्तविक जालि भर्ने कार्य १०७ घमी मात्र हुने हुदा ११.४ घमी ग्याविन भर्न प्रति घमी को रु २३६६.५० ले हुने रु २६९७८ र जालि खरिदको ६७६४ समेत रु३३७४२ उपभोक्ता समितसँग असुल गर्नुपर्ने रु. | ३३७४२ |
| ४७. | **नपुग विलः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। लागत अनुमान रु१६७४५८ रहेको भदौरे जामुने यात्रु प्रतिक्षालय निर्माण कार्यको लागि उपभोक्ता समितिसँग सम्झौता भए अनुसार रु १६७४२२ को कार्यसम्पन्न प्रतिवेदन पेश गरि रु १४९९८४ भुक्तानी भएको छ कार्य सम्पन्न प्रतिवेदनमा ८ घमी माटो भरेको मुल्याङ्कन रु २३५७८ उल्लेख गरेको छ तर जालि खरिदको विल पेश भएको छैन । मुल्याङकन गरिएको रकम बराबरको जालि खरिदको विल पेश नभएकोले सम्वन्धित उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु. | २३५७८ |
| ४८. | **लागत अनुमानः** सार्वजनिक खरिद ऐन २०६३ को दनियम ५(१) मा १ लाख रुपैया सम्मको निर्मण कार्य गराउदा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले रुम्टीचौतारा डाँडा तोरीखेत स्कुल गोरेटोवाटो निर्माण कार्य गरे वापत उपभोक्ता समितिलाई रु२ लाख भुक्तानी गरेकोमा लागत अनुमन तयार गरेको पाइएन ।उक्त निर्माण कार्यको लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन एवं खर्चको विल भर्पाई पेश हुनुपर्ने रु.. | २००००० |
| ४९. | **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ४७(१) मा कार्यालयप्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्यसमेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्दछ भन्ने व्यवस्था छ लापिलाङ मावि कालिञ्चोक ५ लाई ल्यापटप, कम्प्युटर लगायत अन्य समाग्री खरिद गरेको विल भर्पाई पेश गरि रु २००००० भुक्तानी भएको छ । खरिद सामान विद्यालयको जिन्सीखातामा आम्दानी बाधेको प्रमाण पेश भएको छैन । जिन्सी खातामा आम्दानी बाधेको प्रमाण पेश हुनुपर्ने रु.. | २००००० |
| ५०. | **पाइप खरिद र प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। लागत अनुमान रु२९२२९८७ रहेको ठुलोधारा खानेपानी तथा सरसफाई योजनाको लागि मिति २०७६।१०।२९ मा गाँउपालिका, उपभोक्ता समिति र सेवक नेपाल विच भएको त्रिपक्षीय संम्झौता अनुसार निर्माण कार्यको रु२९७७९८७ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई गाउपालिकावाट रु१९००००० भुक्तानी भएको छ । कार्य सम्पन्न प्रतिवेदनमा **hdpe** पाइप खरिद र जडानको कार्यको डिजाइन अनुसार भनि एकमुष्ठ ५७०६८७ को | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | कार्य भएको देखाइएको छ । उपभोक्ता समितले पाइप खरिदकोको कार्य अन्तर्गत गुप्तेश्वर ट्रेडर्स एण्ड सप्लायर्स भिनपा ३ सँग २०mm १० केजि को hdpe पाइप ३३५० रमि खरिद गरेको देखिन्छ । उक्त पाइपको मुल्य जिल्ला दररेट अनुसार प्रति रमि रु४० ले हुने ३३५० मि को रु १३४००० प्रर्दछ । तर कार्य सम्पन्न प्रतिवेदनमा रु ५७०६८७ मुल्याङ्कन गरी भुक्तानी गरिएबाट रु४३६६८७ को पाइप प्रयोग सम्वन्धमा एकिन गरिनुपर्ने रु... | ४३६६८७ |
| ५१. | **ट्याक्टर खरिदः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले १० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला वोलपत्रको माध्यमद्धारा गर्नुपर्ने उल्लेख छ ।कृर्षि औजार वितरण कार्यक्रम अन्तर्गत ९ वडाको विभिन्न १३० कृषकलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर खरिद गरी वितरण गरेको वडाहरुले पेश गरेको प्रमाण कागजात आधारमा रु२०५०००० भुक्तानी गरिएको छ । यसरी खरिद तथ वितरण गर्दा प्रत्येक वडाले सप्लायर्सको कोटेसन माग गरी खरिद गरेको देखिन्छ । धेरै संख्यामा सामान खरिद गर्दा टुक्रे खरिद नगरी गाँउपालिकाले वडाको माग निवेदनको आधारमा वोलपत्र आव्हान गरी घटाघटो माध्यमवाट खरिद प्रक्रिया गरिएको भए ट्याक्टर खरिद एवं वितरण प्रक्रिया प्रतिस्पर्धि उवं मितब्ययि हुने थियो । यस तर्फ गाउपालिकाले ध्यान पुगेको देखिदैन । साथै अनुगमन प्रणालि ब्वस्थित भएको पाइदैन । | |
| ५१.१. | **बढी भुक्तानीः** आर्थिक कार्यविधि निमयावलि २०६४ को नियम ३६(३)मा रकम खर्च गर्दा खर्चको वल भरपाइ सहित लेखा राखु पर्ने ब्यवस्था छ ।वडा २ मा हाते ट्याकक्टर खरिदको विल महालक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स चरिकोट दोलखाको १६ वटा ट्याक्टर खरिद रु९६०००० को वील एवं वितरण गरेको प्रमाण पेश गरी रु ५ लाख खर्च लेखिएको छ । ५० प्रतिशत अनुदान दिने कार्यक्रम भएकोले गाउपालिकावाट रु४८०००० मात्र खर्च भुक्तानी गर्नुपर्नेमा रु ५ लाख भुक्तानी गरीएको ले रु २०००० सम्वन्धित सँग असुल गर्नुपर्ने रु | २०००० |
| ५१.२. | आर्थिक कार्यविधि निमयावलि २०६४ को नियम ३६(३)मा रकम खर्च गर्दा खर्चको वल भरपाइ सहित लेखा राखु पर्ने ब्यवस्था छ ।वडा नं ३ मा हाते ट्याक्टर खरिद बापत के एण्ड के ट्रेडर्स चरिकोट दोलखाको १७ वटा ट्याक्टर खरिद बापत रु७८२००० को वील एवं वितरण गरेको प्रमाण पेश गरी रु ४ लाख खर्च लेखिएको छ । ५० प्रतिशत अनुदान दिने कार्यक्रम भएकोले गाउपालिकावाट रु३९१००० मात्र खर्च भुक्तानी गर्नुपर्नेमा रु ४ लाख भुक्तानी गरीएको ले रु ९००० सम्वन्धित सँग असुल गर्नुपर्ने रु | ९००० |
| ५२. | **लिफ्टीङ्ग खानेपानीः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण ब्यवसायि वा सव कन्ट्रयाक्टरवाट गराउन सकिने छैन भन्ने ब्यवस्था छ ।लागत अनुमान रु१५६७५२७ रहेको १ घर १ धारा कार्यक्रम अन्तर्गत पाडेखोला लिफ्टिङ उपभोक्ता समितिसँग मिति २०७६।८।१० मा सम्झौता भई रु१५७१००३ को कार्यसम्पन्न प्रतिवेदन पेश गरि रु १४००००० भुक्तानी भएको छ । उक्त योजना कार्यान्वयन गर्ने सन्दर्भमा उपभोक्ता समितिले कोटेशन माग गरि सन स्टार मल्टिप्रपोज कम्पनि प्रालि भिनपा ६ सँग लिफ्टीङ खानेपानिको सामान खरिद र जडान खर्च समेतको रु१३७१२२२।२५ को विल तथा पाइप खरिद र खन्ने पर्ने कार्यको रु१९९७८० को विल एवं डोर हाजिरी पेश गरेको छ । सार्वजनिक खरिद नियमावलिको प्रावधान अनुसार श्रम मुलक कार्य मात्र समावेश भएको योजनाको कार्य उपभोक्ता समितिलाई दिनुपर्नेमा लिफ्टीङ खानेपानी जस्तो जटील प्राविधिक पक्ष समावेश भएको कार्य समेत उपभोक्ता दिएको र उपभोक्ताले सव कन्ट्रयाक्टर मार्फत कार्य गराएको कारण नियमावलिको प्रवधानको पालना भएको पाइएन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

५३. **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । (रु हजारमा)

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सुनखानी साङवा सडक स्तरोन्नती | Engineerko ghr pvt.ltd Kathmandu | २३७६७ | ५१९ | ६६६३०९ |
| भद्रावति कुण्ड | Sismo engineering pvt ltd lalitpur | ७८१ | ३३९ | ५४४७२ |
| बुद्धिमान स्मृति पार्क | rymes engineering consultant pvt ltd kathmandu | ३४८ | ३३९ | ६४८४२ |
| वडा कार्यालय भवन | new planet engineering services pvt ltd kathmandu | ३१२ | ७९ | १७३५० |
| कालिञ्चोक क्षेत्र विकास गुरुयोजना | SSMS-GGES-CAB JV kathmandu | ३६७ | १६९ | - |
| जम्मा: | | ४१८५ | १४४७ | ८०२९७३ |

५३.१. उल्लेखित डिपीआर हरु मध्ये भद्रावति खण्ड र कालिञ्चोक क्षेत्र विकास गुरुयोजना बाहेक अन्य योजना कार्यान्वयनमा गएको पाइयो । कार्यान्वयनमा नगएका योजनाहरु कार्यान्वयनमा लैजानु प्रर्दछ । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

५४. **कार्यसम्पन जमानतः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद गर्नलाई संम्झौता बमोजिम काम शुरु नगरेमा काम शुरु नगरी विचैमा छाडेमा वा संम्झौता बमोजिमको कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो संम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र दफा ५९(८)मा त्यसरी संम्झौता अन्त्य गरेमा निर्माण ब्यवसायिले राखेको कार्यसम्पादन जमानत जफत गर्ने र बाँकी रहेको निर्माण कार्य गर्न आवश्यक पर्ने रकम समेत सोही निर्माण ब्यवसायी सँग असुल गर्ने ब्यवस्था छ । लागत अनुमन ४७३२००० रहेको सिसा गोलाई सुर्योदय सिमश्चारा सडक स्तरोन्नती कार्यको वोलपत्र आब्हान गरी सवैभन्दा घटीवाला अमिसा कालिनाग जेभिको कबोल अक २६२२७८४।८६ स्विकृत गरी मिति २०७७७।१।२२ मा संम्झौता भएकोमा निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधि २०७७।३।२२ सम्म कायम गरीएको छ । निर्माण ब्यवसायिले रु २११५९३८ को कार्य गरी सोही अनुसार नै भुक्तानी लिई निर्माण कार्य सम्पन्न भएको देखाइएको छ । सम्झौता रकम भन्दा १९.३२ प्रतिशत घटी कार्य भएकोमा पनि सोही बरार कार्यसम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गरीएको छ । संम्झौता अनुसार को पुरै कार्य गराई कार्यसम्पन्न गर्नुपर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

५५. **कार्य सम्पादन जमानतको म्याद थपः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ मा उल्लेख भएको ब्यवस्था अनुसार काबु बाहीरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मानसिव कारणवाट खरिद संम्झौताको अवधि नवढाई नहुने भएमा निर्माण व्यवसायिको माग निवेदन उपर सार्वजनिक निकायले जाँजबुझ गरी मानसिव देखिएमा म्याद थप गर्न सक्ने ब्यवस्था छ । सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११० (४) मा खरिद संझौतामा अन्यथा ब्यवस्था भएकोमा बाहेक खरिद संम्झौता गर्दा पेश गरेको कार्य सम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्व को अवधिभन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । लागत अनुमान रु१९२०००० रहेको वडा नं ९ कार्यालय भवन तथा तथा थप कार्यको लागि वोलपत्र

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आव्हान गरी सवैभन्दा घटीवाला देव एण्ड कन्ट्रक्सन भिनपा १२ सँग मिति ०७६।१२।५ मा संम्झौता भएकोमा उक्त निर्माण कार्यसम्पन्न गर्नुपर्ने अवधि मिति ०७७।८।५ कायम गरीएको छ । निजले संम्झौता गर्दा रु९५०५० को कार्यसम्पादन जमानत पेश गरेको र उक्त जमानतको अवधि २०७८।४।२५ सम्म रहेको छ । नियमावलिको ब्पवस्था अनुसार निर्माण ब्यवसायिलाई जमानतको अविध थप गर्नलगाई सम्पन्न गर्नुपर्ने अवधि पछिको १३ महिना अर्थात ०७८।९।५ सम्मको कायम गरिनु पर्दछ । | |
| | **खरिद** | |
| ५६. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.३०७६८५६ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |

| कार्यत्रम | भै.न. मिति | भुक्तानी पाउने | खरीद | भुक्तानी रकम |
|---|---|---|---|---|
| प्रकोप ब्यवस्थापन | ६।०७७।२।५ | मानन्धर सप्लायर्स चरीकोट | औषधि/सामाग्री | ८०००४ |
| प्रकोप ब्यवस्थापन | ८।०७७।२।२१ | वि एण्ड वि ट्रेड इन्टरनेशनल काठमाण्डौ | औषधि/सामाग्री | ५६७२० |
| प्रदेश चालु | ७।०७७।१।२८ | भिम सर्जिकल कन्सर्न | औषधि/सामाग्री | ३६२३९० |
| प्रदेश चालु | ८।०७७।१।२० | विकास सर्जिकल कन्सर्न | औषधि/सामाग्री | ८७१९९ |
| प्रदेश चालु | १८।०७७।२।२१ | अतिथि फर्मा एण्ड ट्रेड प्रालि | औषधि/सामाग्री | ९४४०४२ |
| प्रदेश चालु | १८।०७७।२।२१ | निरीजमा मेडिको सप्लायर्स | औषधि/सामाग्री | ६०७२५ |
| प्रदेश चालु | १८।०७७।२।२१ | सिमपाती ट्रेड कन्सर्न | औषधि/सामाग्री | १३०४४४९ |
| प्रदेश चालु | २३।०७७।२।३० | भण्डारी सर्जिकल प्रालि | औषधि/सामाग्री | ५५६२४ |
| प्रदेश चालु | ३१।०७७।३।२५ | मेडिहेल्थ सर्जिकल प्रालि | औषधि/सामाग्री | २४७४१ |
| प्रदेश चालु | ३१।०७७।३।२५ | अतिथि फर्मा एण्ड ट्रेड प्रालि | औषधि/सामाग्री | १००९६२ |
| **जम्मा** | | | | ३०७६८५६ |

| | | |
|---|---|---|
| ५६.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ५६.२. | आपूर्ति हुने औषधि सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको, | |
| ५६.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५६.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ५६.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५७. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभै गर्न सकिने, रु.५ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. | १४८८५४९ |

| भौ न मिति | भुक्तानी पाउने | खरीद | रकम |
|---|---|---|---|
| २७८।०७७।३।२६ | फाइन मिडिया प्रालि नयाबानेश्वर | घर बाटो नगरीकता सीफारिस लगायतको फारम | ४९५८४४ |
| २७७।०७७।३।२५ | एम एस प्रिन्टीङ सोलुसन कोटेश्वर | जन्म दर्ता भ्रमण बिल लगायत | ४९७२०० |
| ३०९।०७७।३।३० | एम एम ट्रेड्र्स एण्ड सप्लायर्स कोटेश्वर | जम्म दर्ता विवाह लर्ता माइन्युट रजिस्टर | ४९५५०५ |
| जम्मा | | | १४८८५४९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५८. | **सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु८९४५९९ खर्च गरेका छन् । | |
| ५९. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ९ वडाहरुमा बाटो सोलिङ्ग निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४६३ जनालाई रोजगारी उपलब्ध गराई रु.७७२७३६६ खर्च गरेको छ । लक्षित वर्गलाई ६ दिनदेखि ६१ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ६०. | **सामाजिक सुरक्षातर्फ**- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मे वारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी रु७७७९३८०० भत्ता वितरण गरेको पाइयो । नमुना छनौटको आधारमा वडा नं १ र ५ को परीक्षण गर्दा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन । | |
| ६०.१. | **नबिकरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) बमोजिम नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरको देखिन्छ अतः कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ । | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६०.२.</td><td>बैंक मार्फत भत्ता वितरण ः:— सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरूको नाममा बैंक खाता मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैंक खाता मार्फत भुक्तानी नगरी नगदै भुक्तानी गरेकोले निर्देशिकाले तोकेबमोजिम गरी सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण÷खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६१.३</td><td>गाँउपालिकाबाट निम्नानुसारको भुक्तानीमा लगत अद्यावधिक नगरी दोहोरो भुक्तानी रु १५२०० असुल गर्नुपर्ने रु
<table>
<tr><th>वडा नं</th><th>किस्ता</th><th>क.स.</th><th>नाम थर</th><th>ना.प्र.नं.</th><th>भुक्तानी रकम</th><th>असुल गर्नुपर्ने रकम</th></tr>
<tr><td>५</td><td>प्रथम</td><td>८३ र १९२</td><td>नरमाया खडका</td><td>—</td><td>२४०००</td><td>१२०००</td></tr>
<tr><td>५</td><td>प्रथम</td><td>२३६ र २३७</td><td>अभिमन्यु नेपाली</td><td>—</td><td>३२००</td><td>१६००</td></tr>
<tr><td>५</td><td>प्रथम</td><td>२३८ र २३९</td><td>रेन्सन लामिछाने बिक</td><td>—</td><td>३२००</td><td>१६००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१५२००</td></tr>
</table></td><td>१५२००</td></tr>
<tr><td>६१.४</td><td>बढी भुक्तानीः पालिकाले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा वडा नं १ मा दोस्रो चौमासिकमा रु २१०९८०० पेश्कि दिएकोमा पेश्कि फर्छ्यौट गर्दा रु २०७०२०० को भरपाई पेश भएको र बाकी रकम रु ३३६०० बैंक दाखिला पेश गरेको पाइयो । पेश्कि फर्छ्यौट गर्दा रु २०७०२०० को बिलभरपाइ पेश भएपश्चात रु ३९६०० बैंक दाखिला गर्नुपर्नेमा रु ३३६०० को मात्र बैंक दाखिला पेश गरेकोमा बाकी नपुग रकम रु ६००० सम्बन्धितबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>६०००</td></tr>
<tr><td></td><td>विपद् व्यवस्थापन</td><td></td></tr>
<tr><td>६१.</td><td>समिति- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकामा २५ सदस्यिय समिति गठन भएको पाइयो । ऐनमा तोकिएबमोजिम काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६२.</td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागु गर्नुपर्नेमा सो गरेको पाइएन ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६३.</td><td>कोष — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ७६६१०६९ आम्दानी भई रु.७१०८४४३ खर्च गरी बाँकी रु. ५५२६२६ देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४.</td><td>प्रतिवेदन — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>कोभिड १९ सम्बन्धमा</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

६५. कोभीड १९ बिशेष लेखापरीक्षणसँग सम्वन्धित गाँउपालिकावाट प्राप्त विवरण अनुसार २०७७ असार मसान्तसम्म रु७६६१०६९ र ०७७ असोज मसान्तसम्ममा रु११२२३३५० प्राप्त भएकोमा ०७७ असार मसान्तसम्म रु७१०८४४३ र असोज मसान्तसम्म रु८०१८१८४ खर्च भएको देखिन्छ । यस सम्वन्धमा देखिएका ब्यहोरा निम्नानुसार रहेका छन ।

| बजेट/आम्दानीको स्रोत | २०७७ असार मसान्त सम्म प्राप्त रकम | २०७७ आश्विन मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च रकम | २०७७ आश्विन मसान्त सम्म खर्च रकम (कुल) |
|---|---|---|---|---|---|
| संघीय संचित कोष | ० | ० | राहत वितरण | ० | ० |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | ६०३७७१९ | ७१००००० | क्वारेन्टाइन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ४५९१२७३ | ५१८०६१६ |
| संघीय कोभिड कोषबाट | ५४८३५० | ३०४८३५० | जनशक्ति परिचालन | १९३७७९१ | १९४९७९१ |
| प्रदेश कोभिड कोषबाट | १०००००० | १०००००० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | ३५४७५२ | ४४४७५२ |
| अन्य स्रोतबाट प्राप्त | ७५००० | ७५००० | स्वास्थ्य पूर्वाधार निर्माण अन्य शीर्षकमा भएको खर्च | ० | ० |
| | | | (गाडी भाडा) | २२८९७५ | ४४३०२५ |
| | | | बाकी | ५५२६२६ | ३२०५१६६ |
| जम्मा | ७६६१०६९ | ११२२३३५० | जम्मा | ७६६१०६९ | ११२२३३५० |

१. महामारी फैलनसक्ने पूर्वतयारी सम्वन्धी जनचेतना तथा प्रचार प्रसार सम्वन्धी कार्यमा रु१२७६०० खर्च गरेको पाइयो ।

२. पालिकाले ६१ जना स्वास्थ्यकर्मी र अन्य कर्मचारी २५ जना समेत ८६ जनालाई रु१९३७७९१ शुरु तलब स्केलको २५ प्रतिशत का दरले कार्यपालिकाको निर्णयानुसार जोखिमभत्ता भुक्तानी गरेको देखियो ।

३. पालिकाले ३ आपुर्तिसँग रु३५४७५२ का स्वास्थ्य सामाग्री सौझै खरीद र पिपिइ लगतयतका २०२७ परीमाणका रु३ लाख मुल्य वरावरका स्वास्थ्य समाग्रीहरु विभिन्न ४ संघ संस्थावाट प्राप्त गरी प्रयोग भइसकेको अवस्था देखियो । पालिकाले पिपिई परीमाण २ रु११००१ का दरले र सर्जिकल माक्स २५०० थान रु१५ का दरले इन्फ्रेरेड थर्मोमिटर थान १० रु१० हजारका दरले खरीद गरेको विवरण देखिएको छ ।

४. पालिका अन्तर्गत ३ सदस्यिय केस इन्भेष्टिगेसन टिम गठन गरी ५२ जना खोज पड्ताल गरीएका र खोज पड्तालवाट २ संक्रमित पहिचान भएकोमा ५२ जनाको नै नमुना संकलन गरेको अभिलेख देखिएको छ ।

५. पालिका अन्तर्गत कोभिड डेडिकेट अस्पतालमा ५ जना दरवन्दी रहेकोमा ९ जना पदपुर्ति करार बाट रहेको देखिन्छ । दरबन्दी मध्ये ४ जना अन्य स्वास्थ्य सम्वन्धी जानकारी रहेको पाइयो । उक्त डेडिकेटेड अस्पतालमा ७५०३ समाग्री आवश्यक देखिएकोमा ७४९८ उपलब्ध भएको र ३००० नपुग भएको पाइयो ।

६. पालिका अन्तर्गत विभिन्न २४ स्थानमा ५९२ वेड संख्याको क्वारेन्टाइन तथा होल्डीङ सेन्टरको स्थापना गरेकोमा असार मसान्तसम्म ३९६ जना क्वारेन्टाईनमा र ७ जना आईसोलेसनमा बसेको पाइयो । उक्त

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

क्वारेन्टाईन संचालन तथा व्यवस्थापनमा चामल, तेल, नुन लगायतका सामाग्री सोझै खरीदमा रु४२१२३९४ खर्च लेखेको पाइयो ।

७. पालिकाले प्राप्त चामल, दाल लगायतका ८७२५ केजि परीमाणको राहत सामाग्री ३५० जनालाई वितरण गरेको पाइयो ।

८. पालिकाले भारत लगायत मुलुकवाट स्थानिय तहको क्वारेन्टाइनमा पुर्याउन गाडी भाडा वापत रु३२१७७५ खर्च गरेको देखिन्छ ।

९. गाँउपालिकावाट जिल्ला समन्वयमा स्थापना भएको प्रा.स्वा.के चरीकोटलाई रु २ लाख भुक्तानी गरेकोमा सोको विल भर्पाई प्रा.स्वा.के मा नै रहेको र उक्त कोष संचालन निर्देशीका बमोजिम व्यवस्थापन भएको देखियो । प्रा.स्वा.के चरीकोट लाइ भुक्तानी गरेको रकम असार मसान्त सम्ममा खर्च भएको देखिदैन ।

१०. पालिकाले प्रकोप तथा कोभिड व्यवस्थापन खर्च कोरोना कोषवाट रु१० लाख र अन्य खर्च शिर्षकवाट बाँकी खर्च सवै खर्च लेखेको छ । कोषमा बजेट व्यव्थापन गरी सम्वन्धीत खर्च सम्वन्धीत शिर्षकवाट मात्र लेख्नुपर्दछ ।

६६. **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रु.१५७९८६३४ बजेट प्राप्त भएकोमा रु.५९१९९३८ खर्च भएकोमा पालिकावाट प्रगति विवरण पेश हुन नअएकोले सोको भौतिक प्रगति अवस्था एकिन गर्न सकिएन ।

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| स्थानिय पूर्वाधार विकास | ४ | ८८८६६३४ | ५९१९९३८ | ६६.६१ | नखुलेको |
| प्रदेश पूर्वाधार विकास | ० | ६९१२००० | ०० | ०० | ०० |

उल्लेखित ४ आयोजना मध्ये १ योजना ठेक्काबाट र ३ योजनाहरु उपभोक्ता समितिवाट गरायको देखिन्छ । उपभोक्ता समिति मापरूत संचालित योजनामा हेभि इक्युपमेन्ट प्रयोग गरेको, प्राविधिक पक्ष समेतको भएका जटील संरचना निर्माण गरेको, सम्पन्न योजनाहरुको मर्मत संम्भारको व्यवस्था नगरेको जस्ता कार्यहरु भएको देखिन्छ । जुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ विपरीत देखिन्छ ।

**स्वास्थ्य तर्फ**

६७. **औषधिको लोगो—** गाउँपालिकाले खरिद गरेका औषधिहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको पाइयो ।

| क.स | औषधिको नाम | म्याद समाप्त हुने मिति | निशुल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | Fluconazole (500mg) | Apr 2023 | भएको |
| २ | Nletriz (150mg) | Feb 2022 | Supply only |
| ३ | paracetamol (500 mg) | April 2023 | Free distribution only |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ४ | Parucetamol (150mg) | March 2022 | नभएको |
| ५ | Buengard crellum (25mg) | May 2022 | Free distribution |
| ६ | Ors | April 2022 | भएको |

६८. **बढी ग्रेड भुक्तानीः** पालिकाले स्वास्थ्य तर्फका कर्मचारीहरुलाइ तलब भत्ता उपलब्ध गराउदा तलबी प्रतिवेदन पारित गराएर उपलब्ध गराउनुपर्दछ। पालिकाले निम्नानुसारका कर्मचारीहरुलाइ प्राविधिक ग्रेड रकम भुक्तानी गर्दा बढी ग्रेड रकम भुक्तानी गरेकोले रकम असुल गर्नुपर्ने रु

**बेरुजू रकम: ३६०८**

| सिनं | गोभौनंरमिती | नाम | पाउनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी ग्रेड रकम भुक्तानी | थप कृसंकोष | कुल बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५३/२०७६/१२/४ | सुशिल कु. श्रेष्ठ | ४८०० | ५४४० | ६४० | ६४ | ७०४ | माघ र फागुन गरी ४ ग्रेड |
| २ | | मैना कु. खड्का | ३७६० | ४२४० | ४८० | ४८ | ५२८ | |
| ३ | | कालिका ओली | ३७६० | ४२४० | ४८० | ४८ | ५२८ | |
| ४ | | हरिराज शिवाकोटी | ३७६० | ४२४० | ४८० | ४८ | ५२८ | |
| ५ | | टेक ब. राउत | ३६०० | ४८०० | १२०० | १२० | १३२० | |
| | | | | | | कुल जम्मा | ३६०८ | |

६९. **पारिश्रमिक करः** आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम भत्ता भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहायका पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर कट्टी गरेको नदेखिएकोले कर कट्टी गर्नुपर्ने रु

**बेरुजू रकम: ६४५०**

| क.स. | गो.भौ.नं /मिती | विवरण | रकम | पारिश्रमिक कर(१५%) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १४/२०७६/६/१३ | क्षयरोग कोहर्ट कार्यक्रममा जितेन्द्र कुमार कर्णलाइ पारिश्रमिक बापत भुक्तानी | ११२०० | १६८० | कर कट्टी बैंक दाखिला पेश गर्नुपर्ने । |
| २ | १३३/२०७७।३।२९ | परिवार योजन तथा प्रजनन स्वास्थ्य कार्यक्रममा पारिश्रमिक बापत भुक्तानी | १८७०० | २८०५ | |
| | | जम्मा | | ६४५० | |

७०. **बढी भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले गो.भौ.नं/मिती २३/२०७६.९।११ मा मेडिकल अधिकृत डा. एलिसा ढकाल लाइ कार्तिक महिनाको तलब भत्ता बापत भुक्ती हुनुर्नेमा रु ४३७०३० मा रु ६३०८० भुक्तानी भएकोले बढी भुक्तानी रु १९३५० असुल हुनुपर्ने रु

**बेरुजू रकम: १९३५०**

७१. **बिलभरपाइ बेगर भुक्तानीः** आर्थिक कार्याविधी नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्चका बिल भरपाइ सहित त्यसलाइ पुष्टयाइ गर्ने कागजात सहितको लेखा राखु पर्ने , भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ पालिकाले निम्नानुसारका कार्यक्रमहरुमा भुक्तानी गरेकोमा बिल भरपाइ पेश गरे भन्दा बढि भुक्तानी गरेको पाइयो । यसरी बिलभरपाइ बेगर बढी भुक्तानी गरेको रकम रु२३६०० सम्बन्धितबाट यकिन गरी असुल गर्नुपर्ने रु

**बेरुजू रकम: २३६००**

| गो.भौ.नं/मिती | विवरण | भुक्तानी भएको रकम | बिल भरपाइ पेश | बढी भुक्तानी |
|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ८४/२०७७।३।११ | मातृ तथा नवशिशु कार्यक्रम | १२६००० | १२२८०० | ३२०० |
| १४९/२०७७३।३० | तलब भत्ता तथा अन्य प्रशासनिक खर्च शीर्षकबाट घरभाडा बापत खर्च लेखेको | ८०४०० | ६०००० | २०४०० |
| | जम्मा | | | २३६०० |

७२. **नर्म्समा एकरुपता नभएको:** कार्यक्रम संचालन गर्दा स्पष्ट नर्म्स मापदण्ड निर्धारण गर्नुपर्दछ ।पालिकाले स्वास्थ्य अन्तर्गतको कार्यक्रम संचालन गर्दा यातायात खर्चमा कुनैमा रु ३००।०० प्रतिदिन, केही कार्यक्रममा रु ७००।०० प्रतिदिन र केही कार्यक्रममा रु १०००।०० प्रतिदिनका दरले भुक्तानी गरेको दखिन्छ । कार्यक्रम संचालन तथा यातायात खर्च भुक्तानीको नर्म्स स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ ।

७३. **छुट प्राविधिक ग्रेड भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर गाउँपालिकाले पहिले नै निकासा दिएकोमा पुनः छुट ग्रेड भनि दोहोरो निकासा दिएको रु ९३६६५ रकम निकासा खर्च लेखेको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी संघिय राजस्व खातामा दाखिला हुनुपर्ने रु. ९३६६५

| नाम थर | भुक्तानी हुनुपर्ने | | | भुक्तानी भएको | | | बढी भुक्तानी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७३/४/१ देखि २०७६/३/३० सम्म | २०७६/४/१ देखि २०७६/९/३० सम्म | जम्मा | २०७३/४/१ देखि २०७६/३/३० सम्म | २०७६/४/१ देखि २०७६/९/३० सम्म | जम्मा | फरक रकम | क=सं=कोष थप | कुल बढी भुक्तानी |
| सुशिल श्रेष्ठ | ५४३६६ | १२३२० | ६६६८ | ७३२२४ | १४४०० | ८७६२ | २०९३८ | २०९३। | २३०३१। |
| मैना कु. खड्का | ४२३५४ | ९८०० | ५२१५ | ५६३७६ | ११२८० | ६७६५ | १५५०२ | १५५०। | १७०५२। |
| हरिराज शिवाकोटी | ४२३५४ | ९८०० | ५२१५ | ५६३७६ | ११२८० | ६७६५ | १५५०२ | १५५०। | १७०५२। |
| कालिका ओली | ४२३५४ | ९८०० | ५२१५ | ५६३७६ | ११२८० | ६७६५ | १५५०२ | १५५०। | १७०५२। |
| टेक ब. राउत | ४६३५८ | १२३२० | ५८६७ | ६१९९८४ | १४४०० | ७६३८ | १७७०६ | १७७०। | १९४७६। |
| | | | | | | | | कुल बढी भुक्तानी | ९३६६५ |

## शिक्षा तर्फ

७४. **बिद्यालयहरुको लेखापरीक्षण:** गाउँपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । गाउँपालिकाले ५१ विद्यालयहरुका लागि रु१५७६४७५१३ विनियोजन गरि निकासा खर्च गरेको छ।गाउँपालिकाले आ.व. २०७६।०७७ को अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन । बिद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

७५. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपुर्ति मध्य करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | दिव्यश्वरी आधारभूत वि क्याम्पोल | ४ | सबै | २ | २४८ |
| २ | सूर्योदय प्रावि बेगुम्पा | ३ | सबै | २ | १४५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|
| | ३ | सेतीदेबी प्राावि तारेभिर | ३ | सबै | ० | ३१ | |
| | ४ | बालोदय मावि डुसिखर्क | ७ | सबै | ५ | २९७ | |
| | ५ | निकोभूमे मावि बुर्सिङ्थली | १४ | सबै | ९ | ३६३ | |
| | ६ | निकोसम्माई प्रावि टुबाँपा | १ | सबै | १ | ३४ | |
| | ७ | महादेवश्वरी आधारभूत वि कुसावती | ४ | सबै | २ | ७२ | |
| | ८ | लालिगुराँस प्रावि बंशथली | १ | सबै | १ | ५ | |
| | ९ | निकोमहाङ्काल प्रावि खागल्पा | १ | सबै | १ | १५ | |
| | १० | प्रगतिशील मिलिजुली आवि खिपिङ्ग | ४ | सबै | २ | ७९ | |
| | ११ | बिन्धवासिनी आधारभूत वि दशकत | ३ | सबै | ३ | २५ | |
| | १२ | जल्पाश्वरी मावि ताराचौर | १२ | सबै | ११ | १७३ | |
| | १३ | कमला प्रावि सिस्नेरी | ३ | सबै | ० | १६ | |
| | १४ | बास्सापण्डित प्रावि फलाटे | ECD | सबै | ० | ० | |
| | १५ | कालिनाग मावि सिंगटी | १६ | सबै | ७ | ५१५ | |
| | १६ | मनकामना प्रावि आरुखोरिया | २ | सबै | १ | १८ | |
| | १७ | भगवती मावि घ्याङ्ग | १० | सबै | ५ | २४३ | |
| | १८ | कालिदेबी प्रावि कोइराले | १ | सबै | १ | ४ | |
| | १९ | पोखरे प्रावि पोखरे | ३ | सबै | ३ | ३० | |
| | २० | महादेवेश्वर प्रावि थापागाउँ | १ | सबै | १ | ७२ | |
| | २१ | बिसमुरे प्रावि विसमुरे | २ | सबै | ० | १५ | |
| | २२ | तेत्तिसकोटी प्रावि गुमु बाघखोर | ३ | सबै | ३ | ४६ | |
| | २३ | हिलेपानी संस्कृत मावि हिलेपानी | १३ | सबै | २ | २२० | |
| | २४ | जनकल्याण प्रावि वञ्चरे | ३ | सबै | १ | ८९ | |
| | २५ | लापिलाङ मावि भिमसेनस्थान | १४ | सबै | ११ | ४८३ | |
| | २६ | भगवती आधारभूत वि पोखरे | ५ | सबै | ४ | ० | |
| | २७ | गोल्मादेबी प्रावि लेखर्क | ECD | सबै | ० | ० | |
| | २८ | देउराली प्रावि देउपुरेथली | ४ | सबै | ३ | ७४ | |
| | २९ | जनज्योति मावि लेप्टुङ्ग | ६ | सबै | ३ | २५४ | |
| | ३० | बलम्बु आधारभूत वि रामादेउ | ४ | सबै | ४ | १४५ | |
| | ३१ | गुजर्पा आधारभूत वि गुजर्पा | ५ | सबै | ४ | १०८ | |
| | ३२ | भद्रावती प्रावि विलिखेपा | २ | सबै | २ | १५ | |
| | ३३ | कालिका भगवती प्रावि पाटागाउँ | ३ | सबै | २ | २६ | |
| | ३४ | जनता आधारभूत वि तोरीखेत | ६ | सबै | १ | ५८ | |
| | ३५ | सरस्वती प्रावि झमर्सी | १ | सबै | १ | १८ | |
| | ३६ | सित्का मावि सित्का | १० | सबै | ६ | २०४ | |
| | ३७ | महादेवस्थान प्रावि ठूलाखेत | १ | सबै | १ | ९ | |
| | ३८ | मजुवा प्रावि सिमस्वाँरा | ३ | सबै | ० | २३ | |
| | ३९ | सूर्योदय प्रावि भदोरे | १ | सबै | ० | ३ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | सरस्वती विद्यामन्दिर प्रावि सांखल्पु | ECD | सबै | ० | ११ |
| ४१ | ताम्राकौशिका आधारभूत वि मलेपू | ८ | सबै | २ | ९४ |
| ४२ | कालिनाग मावि भुल्केपातल | १६ | सबै | ३ | ३०९ |
| ४३ | देबीस्थान आधारभूत वि भट्टेली | ८ | सबै | ० | ७६ |
| ४४ | श्रृङ्गेश्वर प्रावि | ECD | सबै | ० | ५ |
| ४५ | चण्डिदेवी प्रावि | २ | सबै | ० | १२ |
| ४६ | देबी प्रावि नाम्थाजोर | ECD | सबै | ० | ० |
| ४७ | गुराँसे प्रावि फेदी | ४ | सबै | २ | ५५ |
| ४८ | कालिका मावि कटुवाचौर | १४ | सबै | ४ | ३३६ |
| ४९ | सरस्वती प्रावि ओखेनी | ECD | सबै | ० | ६ |
| ५० | जागरणभीमेश्वर प्रावि भिमसेनस्थान | ३ | सबै | १ | ६७ |
| ५१ | निकोभगवती प्रा वि | ECD | सबै | ० | १६ |
| | जम्मा | २३४ | | ११७ | ५१६२ |

७५. **विद्यालयको संख्याः** लेखापरीक्षणको लागि गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिका अन्तगरगतका ५१ विद्यालय मध्ये देहायका विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखियो । यसरी विद्यार्थी संख्या २० जना भन्दा कम रहेका विद्यालयमा शिक्षक, कर्मचारी तलब र प्रशासनिक खर्च बापत आ.व. २०७६।०७७ मा देहाय बमोजिम रकम परिक्षा संचालनको अधारमा निकासा भएको छ ।न्यून विद्यार्थी संख्या रहेको विद्यालयलाई गाउँपालिकाले सुविस्थाका आधारमा विद्यालय संख्या गाभ्ने व्यवस्था गर्नुपर्दछ ।

| विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी | शिक्षक | बाल सहयोगी | कर्मचारी | निकास रकम |
|---|---|---|---|---|---|---|
| निकोससमाई प्रावि टुबाँपा | ०-३ | ३४ | १ | १ | १ | ६५१७६९ |
| लालिगुराँस प्रावि बंशथली | १-३ | ५ | १ | ० | १ | ४२९७२६.३३३ |
| निकोमहाङ्काल प्रावि खागल्पा | १-३ | १५ | १ | ० | १ | ५१४३९४ |
| मनकामना प्रावि आरुखोरिया | १-३ | १८ | २ | ० | १ | ८७२८४८.८ |
| सरस्वती प्रावि झमर्सी | ०-३ | १८ | १ | १ | १ | ६०५४१९ |
| | | जम्मा | | | | ३०७४१५७.१३३ |

यस पालिकामा ५१ विद्यालयहरु संचालनमा रहेकोमा २३४ शिक्षक दरबन्दीमा ११७ पदपुर्ति भएको र पदपुर्तिमध्ये ११७ शिक्षक करारमा रहेको देखियो । ति विद्यालयहरुमा EMIS अभलेख अनुसार कुल विद्यार्थी सख्या ५१६२ रहेको देखियो ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७५. | **अभिलेख** ः गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्नेमा दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ । | |
| ७६. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट २४ विद्यालयहरुलाई रु.२४००००० तलब भत्ता भुक्तानी गरेको पाईयो । | |

| क्र.स | विद्यालयको नाम | |
|---|---|---|
| १. | दिव्यश्वरी आवि | १००००० |
| २. | बालोदय मावि | १००००० |
| ३. | सेतिदेवि प्रावि | १००००० |
| ४. | सुर्योदय प्रावि | १००००० |
| ५. | निको महांकाल आवि | १००००० |
| ६. | निको सास्रामाई आवि | १००००० |
| ७. | महादेवश्वरी आवि | १००००० |
| ८. | विद्यालयस्तरीय | १००००० |
| ९. | कालिनाग मावि सिंगटी | १००००० |
| १०. | कालीदेवि प्रावि | १००००० |
| ११. | पोखरे प्रावि | १००००० |
| १२. | भगवति मावि | १००००० |
| १३. | मनकामना प्रावि | १००००० |
| १४. | महादेवश्वरी प्रावि | १००००० |
| १५. | कालिका भगवति | १००००० |
| १६. | गुर्जपा आवि | १००००० |
| १७. | जनज्योति मावि लेप्टुङ | १००००० |
| १८. | जनता आवि | १००००० |
| १९. | मझुवा प्रावि | १००००० |
| २०. | सित्का मावि | १००००० |
| २१. | जागरण भिमेश्वर आवि | १००००० |
| २२. | लापिलाङ मावि प्राविधिक शिक्षालय | १००००० |
| २३. | बलम्वु आवि | १००००० |
| २४. | भद्रावति प्रावि | १००००० |
| | जम्मा | २४००००० |

| | | |
|---|---|---|
| ७७. | बढी निकासाः आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ ।शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६।७७ अनुसार क्रियाकलाप १.१.४.१ प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान अन्तर्गत कक्षा १ देखि ८ सम्म | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | चलेका आधारभूत विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु ७५०० का निम्नानुसारका विद्यालयहरुमा रु ७५०० का दरले १३ महिनाको पारिश्रमिक निकासा हुनुपर्नेमा रु १९००० का दरले १३ महिनाको पारिश्रमिक निकासा गरेको देखियो । यसरी बढी निकासा रकम रु २३०००० सम्बन्धित विद्यालयबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | १४९५०० |

| विद्यालयको नाम | महिना | निकासा हुनुपर्ने | निकासा भएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| दिव्यश्वरी आ.वि. | श्रावण देखि असार (१३) | ९७५०० | २४७००० | १४९५०० |
| तामाकौशिका आ.वि. | पौष—असार(७) | ५२५०० | १३३००० | ८०५०० |
| | जम्मा | | | २३०००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७८. | **बढी निकासा:** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ ।शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६।७७ अनुसार क्रियाकलाप १.१.४.१ प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक प्रति महिना रु ६००० का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम सम्बन्धित विद्यालयको खातामा अनुदानमा दिने व्यवस्था रहेको छ । पालिकाले तामाकौशिका आ.वि. लाइ प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक बापत मासिक रु ६००० का दरले १३ महिनाको रु ७८००० र पोशाक खर्च रु १०००० समेत कुल रु ८८००० निकासा गर्नुपर्नेमा पोशाक खर्च समेत गरी रु १०२००० निकासा गरेको देखियो ।यसरी बढी निकासा रकम रु १४००० सम्बन्धित विद्यालयबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु | १४००० |
| ७९. | **भुक्तानीमा कर कट्टी:** आयकर ऐन,२०५८ को दफा ८८ अनुसार सेवा शुल्कको रकम भुक्तानी गर्दाकै बखत १.५ प्रतिशत अग्रिम कर कटाएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.**भौ.नं**/ **मिति** १२३/२०७७।३।२९ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत विद्यालयलाइ रकम निकासा गरेकोमा विद्यालयले पेस गरेकोमा बिलभरपाइमा अग्रिम कर नकटाइ निम्नानुसारको रकम भुक्तानी गरेकोले कर बापतको रकम रु ५८०७१असुल गरि दाखिला गर्नुपर्ने रु | ५८०७१ |

| क्र.स. | विवरण | करयोग्य रकम | अग्रिम कर |
|---|---|---|---|
| १ | श्री कालिनाग मा.वि. ले विज्ञान प्रयोगशाला निर्माण शीर्षकमा खरिद गर्दा विभिन्न सप्लायर्सलाइ भुक्तानी | ४७७११५ | ७१५७ |
| २ | श्री लापीलाङ मा.वि. ले पुस्तकालय स्थापना तथा व्यवस्थापन शीर्षकमा खरिद गर्दा विभिन्न सप्लायर्सलाइ भुक्तानी | ६४७८९५ | ९७१९ |
| ३ | जनज्योती मा.वि. ले शिक्षण सिकाइमा ICT को प्रयोग शीर्षकमा खरिद गर्दा विभिन्न सप्लायर्सलाइ भुक्तानी | ५७५५०० | ८६३२।५ |
| ४ | कालिका मा.वि. ले पुस्तकालय व्यवस्थापन शीर्षकमा खरिद गर्दा विभिन्न सप्लायर्सलाइ भुक्तानी | ५३६६४६ | ८०५० |
| ५ | कालिनाग मा.वि. ले पुस्तकालय व्यवस्थापन शीर्षकमा खरिद गर्दा विभिन्न सप्लायर्सलाइ भुक्तानी | ६२९८१२ | ९४४७ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ६ | निकोभुमे मा.वि. ले विज्ञान प्रयोगशाला निर्माण शीर्षकमा खरिद गर्दा विभिन्न सप्लायर्सलाइ भुक्तानी | ५७३००८ | ८५९६ |
| ७ | सित्का मा.वि. ले पुस्तकालय व्यवस्थापन शीर्षकमा खरिद गर्दा विभिन्न सप्लायर्सलाइ भुक्तानी | ४३१२४५ | ६४६९ |
| | जम्मा | | ५८०७१ |

८०. **बहाल करः** आयकर ऐन, २०५८ को दफा ८८ मा बासिन्दा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं/मिती १२३/२०७७।३।२९ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत विद्यालयलाइ रकम निकासा गरेकोमा विद्यालयले पेस गरेकोमा बिलभरपाइमा बहाल कर नकटाइ निम्नानुसारको रकम भुक्तानी गरेकोले कर बापतको रकम ६२०० असुल गरि दाखिला गर्नुपर्ने रु ६२००

| क स | विवरण | रकम | वहाल कर |
|---|---|---|---|
| १ | श्री कालिनाग मा.वि. ले विज्ञान प्रयोगशाला निर्माण शीर्षकमा खरिद गर्दा ढुवानी बापत भुक्तानी | ७००० | ७०० |
| २ | श्री लापीलाङ मा.वि. ले पुस्तकालय स्थापना तथा व्यवस्थापन शीर्षकमा खरिद गर्दा ढुवानी बापत भुक्तानी | ३०००० | ३००० |
| ३ | सित्का मा.वि. ले पुस्तकालय व्यवस्थापन शीर्षकमा खरिद गर्दा विभिन्न सप्लायर्सलाइ भुक्तानी | २५००० | २५०० |
| | जम्मा | | ६२०० |

८१. **छुट समेतको भुक्तानि** आर्थिक कार्याविधी नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्चका बिल भरपाइ सहित त्यसलाइ पुष्टयाइ गर्ने कागजात सहितको लेखा राखु पर्ने , भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं/मिती १२३/२०७७।३।२९ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत कालिनाग मा.वि. लाइ पुस्तकालय निर्माणमा रु ६५०००० अनुदान दिएकोमा विद्यालयले पुस्तकालय खरिद गर्दा ३ कोटेशन लिइ अन्जान बुक्स एडं स्टेशनरीसंग रु ४५०००० रकम बराबरको पुस्तकहरु खरिद गरेको देखियो । अन्जान बुक्स एडं स्टेशनरी ले कोटेशनमा १५ % छुट दिने भनेकोमा विद्यालयले निजलाइ भुक्तानी गर्दा ४५०००० नै भुक्तानी गरेकोमा बढी भुक्तानी रकम रु ६७५०० असुल गरि संघिय संचित कोषमा दाखिला गर्ने रु ६७५००

८२. **बढी निकासाः** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । गाँपालिकाले निम्नानुसारको विद्यालयहरुलाई EMIS Report का आधारमा विद्यार्थि संख्याका आधारमा निकासा हुनुपर्नेमा बढी निकासा भएको रु८८००० असुल गरी संघिय संचितकोष खातामा दाखिला गर्नुपर्ने रु ८८०००

| सि. | विद्यालय | निकासा हुनुपर्ने (EMIS Report अनुसार) | | | | | निकासा भएको | बढी निकासा |
|---|---|---|---|---|---|---|---|---|
| | | ECD (५००का दरले) | १-५ (१५०का दरले) | ६-१० (२००का दरले) | ११—१२ (२००का दरले) | जम्मा | | |
| १ | जाल्पेश्वरी उ.मा.वि. | ९ जना | ४० जना | १२१ जना | - | ३४७०० | ४५८०० | १११०० |
| २ | प्रगतिशिल मिलिजुली मा.वि. | १० जना | ४४ जना | ४० जना | - | १९६०० | २०४०० | ८०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | जनकल्याण प्रा. वि | २५ जना | ८२ जना | – | – | २४८०० | २८३५० | ३५५० |
| ४ | बालोदय मा.वि. | ३० जना | १२५ जना | १३० जना | – | ५९७५० | ६७५५० | ७८०० |
| ५ | कमला प्रा.वि. | ७ जना | १७ जना | – | – | ६०५० | ११६५० | ५६०० |
| ६ | हिलेपानी सस्कृत मा.वि. | – | ५२ जना | ११३ जना | – | ३०४०० | ३७६५० | ७२५० |
| ७ | लापीलाङ मा.वि. | ५२ जना | ११७ जना | २५९ जना | – | ९५३५० | ११०७०० | १५३५० |
| ८ | जनज्योति मा.वि. | १५ जना | ९२ जना | १३६ | – | ४८५०० | ४९८०० | १३०० |
| ९ | गुर्जपा आ.वि. | १३ जना | ६० जना | ५४ जना | – | २६३०० | २७४०० | ११०० |
| १० | कालिका भगवती आ.वि. | – | ३५ जना | – | – | ५२५० | ७१५० | १९०० |
| ११ | निकोभुमे मा.वि. | ३१ जना | १४८ जना | २७१ जना | ६१ जना | १०७१५० | १०८८०० | १६५० |
| १२ | कालिनाग मा.वि. ,सुनखानी | ३८ जना | ९४ जना | १९४ जना | ३२ | ७९९०० | ८८९५० | ९०५० |
| १३ | कालिका मा.वि | २०० जना | ८८ जना | २२३ जना | – | ६७८०० | ७८७०० | १०९०० |
| १४ | कालिनाग मा.वि., सिगंटी | ३६ जना | १७१ जना | २९१ जना | ८१ जना | १२२१०० | १२३०५० | ९०५० |
| १५ | भगवती मा.वि. | १४ जना | ७६ जना | १३६ जना | – | ४५६०० | ४७२०० | १६०० |
| | कुल जम्मा | | | | | | | ८८००० |

८३. **दिवा खाजा:** गाँउपालिकाले कुल दिवा खाजा वापत रु८७६५२५० चौमासीक निकासा गएकोमा दिवाखाजा खर्च शिर्षकमा रु१०७१८८४५ खर्च लेखेको देखिन्छ । दिवा खाजा खर्च शिर्षक बढी खर्च लेखि रु१९५३५९५ शिक्षकहरुको तलब भत्तामा निकासा गरेको पाइयो ।

८४. **यान्त्रीक उपकरण संचालन:** पालिकाले खरीद गरेको मेशिनरी उपकरण उद्धेश्य बमोजिम संचालन गर्नुपर्दछ । पालिकावाट १ टिपर १ ब्याकहोलोडर र १ स्काभेटर खरीद गरी गत विगत वर्षदेखि नै सचालनमा रहि रहेको देखियो । उक्त यान्त्रीक उपकरण संचालन गर्न यान्त्रिक उपकरण संचालन कार्यविधि २०७५ तयार गरी कार्यान्वयनमा रहेको देखिन्छ । उक्त यान्त्रिक उपकरण संचालनबाट पालिकाको रु३२३९३५६।९० आम्दानी गरेकोमा यान्त्रीक उपकरण खर्च ब्यवस्थापनको रकम खुल्न आएन ।

अतः पालिकाले यान्त्रिक उपकरण संचालन गर्दा कार्यविधि बमोजिम संचालन गर्ने, संचालन कोषको अलग आय ब्यय तयार गरी लेखापरीक्षण गराउने, मर्मत इन्धन, इन्सुरेन्स र चालक खर्च जस्ता ब्यवस्थापन खर्च तथा मेसिन प्रतिस्थापन समेत हुनेगरी यान्त्रिक उपकरण संचालन गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।

८५. **पेश्की:** पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन मलेप फा नं. २७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार नगरपालिकाको कुल हालसम्मको पेश्की बाँकी रु. ६७४७१६१ देखिएको छ । उक्त बाँकी पेश्की मध्ये गत विगत बर्षको रु.४७६४४०० र चालु आ.ब. को रु.२१४७१६१ देखिन्छ ।मलेप फाराम नं २७२ को अनुसुचि २३ भन्दा पालिकाको यथार्थ पेश्की बाँकी रु१६८४०० ले बढी देखाएको छ । मिति २०७७।१०।९ बाट लागु भएको अर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

५२ वमोजिम म्याद ननाघेको चालु आ.ब. देहाय बमोजिमको फछ्यौट हुन बाँकी मोबिलाइजेसन पेश्की रु.१७७२१६१ देखिन्छ ।

| सि न | प्रकार | पेश्कि लिनेको नाम | रकम |
|---|---|---|---|
| १. | मोविलाईजेनस | देव एण्ड सन्स कन्ट्रक्सन | ३३०००० |
| २. | मोविलाईजेनस | सिन्दुढुङ्गा खोला ट्रस झोपु निर्माण उस | १४४२१६१ |
| | जम्मा | | १७७२१६१ |

८५.१. उल्लेखित चालु आवको पेश्की रकम मध्ये म्याद नाघेको निम्नानुसार रु३७५००० नियमानुसार असुल फछ्यौट हुमनुपर्ने रु.. — ३७५०००

| सि.न | पेश्की लिनेको नाम | रकम |
|---|---|---|
| १ | कला खड्का | १५०००० |
| २ | विनोद आचार्य | ५००० |
| ३ | दुर्गा शिवाकोटी | १०००० |
| ४ | दिपक खरेल | १०५००० |
| ५ | शिवलाल श्रेष्ठ | १०५००० |
| | जम्मा | ३७५००० |

**आन्तरिक लेखापरिक्षणबाट औल्याएका बेरुजू कायम**

८६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार पालिकाले देहाय वमोजिम आन्तरिक लेखापरीक्षणमा समावेश भएका वेरुजुहरु अन्तिम लेखापरिक्षण सम्म असुल फछ्र्योट गरेको देखिएन । उक्त वेरुजु लेखापरीक्षणको क्रममा एकिन गरी निम्नानुसार कायम गरिएको छ ।

- उपभोक्ता समितिको भुक्तानीमा गरेको कामको फोटो स्पस्ट देखिने गरी कामको विवरण सहित संलग्न गर्नुपर्ने
- वडा कार्यालयले सिफारीस गर्दा कामको गुणस्तर विवरण समायवधि समेतको लई बमोजिम कार्य भए नभएको सिफारीस गर्नुपर्ने
- उपभोक्ता समितिवाट संचालित कार्यक्रमको सार्वजनिक परीक्षण तथा सुनुवाई नगरेको ।
- लेखाश्रेस्तामा स्विकृत मलेपफा नं ४०७ र ४०८ मा अद्यावधिक गरी नराखेको ।
- जिन्सी सामानहरु मलेप फारम नं ४०७ र ४०८ मा अद्यावधिक गरी नराखेको ।
- अनुगमन प्रतिवेदनहरुलाई आगामी आयोजना तथा कार्यक्रम संचालन मार्ग दर्शनको रुपमा नलिएको ।
- नियमानुसार मात्र योजना तर्जुमा तथा संचालन गर्नुपर्ने ।
- राजस्व परामर्श समिति आफ्नो काम कारवाहीमा थप सकृय हुनुपर्ने ।
- आर्थिक कारोवारको तोकिएको समयमा अद्यावधिक गर्नुपर्ने ।
- वडा कार्यालय मार्फतको मालसामन खरिदमा सम्वन्धित बिक्रेतालाई भुक्तानी दिनुपर्ने
- मेशिनरी औजारको प्राविधिक परीक्षण र गुणस्तर परीक्षण गर्नुपर्ने
- योजना तर्जुमा गर्दा स्थानिय साधन स्रोत र सिपको अधिकतम प्रयोग हुने योजना छनौट हुने योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने ।
- चौमासिक शिर्षकगत विवरण तोकिएको समयमा सम्वन्धित निकायमा पठाउनुपर्ने ।
- कन्टिजेन्सी रकम लागत अनुमान तयार गरी खर्च गर्नुपर्ने ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ➤ संचित कोषको ट्रान्सफर गर्दा गोश्वारा भौचर उठाई प्रमाणीत गर्नुपर्ने ।<br>➤ रकमान्तर नियमानुसार मात्र गर्नुपर्ने।<br>➤ कट्टी रकमहरु समयमानै दाखिला हुनुपर्ने ।<br>➤ खरीद कार्यमा मोजुदा सुचि तयार गरी खरीद कानुनको पालना गर्नुपर्ने ।<br>➤ आय ठेक्काको राजस्व दाखिला सम्वन्धित खातामा दाखिला नगरेको ।<br>➤ राजस्व कारोवार गर्दा बैंकिङ प्रणालिमा हुनुपर्ने ।<br>➤ गोश्वारा धरौटी खाता र ब्यक्तिगत धरौटी खाता अद्यावधिक गर्नुपर्ने ।<br>➤ धरौटी रकमको बैक भौचर प्राप्त गरी आम्दानी बाध्नुपर्ने । | |
| ८६.१. | सामाजिक सुरक्षा तर्फको आन्तरीक लेखापरीक्षण द्वारा औल्याइएको निम्नानुसारको रु३२००० असुल हुनुपर्ने रु | ३२००० |

| वडा नं | नाम | विवरण | बढी भुक्तानी |
|---|---|---|---|
| १ | धनसोभा थामी | दोस्रो किस्ता भुक्तानीमा धनशोभा थामीको मिती २०७६।१०।२५ मा मृत्यु भनि कैफियत जनाएकोले रु ९००० भुक्तानी हुनुपर्नेमा रु १२००० भुक्तानी भएको देखियो । माघ महिनामा मुत्यु भएको व्यक्तिको फागुन महिनाको समेत भत्ता भुक्तानी भएकोले बढी भुक्तानी रकम रु ३००० भुक्तानी लिने मृतकको सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने अन्यथा उक्त रकम भुक्तानी गर्ने सम्बन्धित वडासचिवबाट असुल गर्नुपर्ने रु | ३००० |
| ५ | धनमाया थामी | प्रथम किस्ता भुक्तानीमा धनमाया थामीको मिती २०७६।०६।१५ मा मुत्यु भएको भनि कैफियत जनाएकोले रु ९००० भुक्तानी हुनुपर्नेमा कार्तिक महिनाको समेत गरी रु १२००० भुक्तानी भएको देखियो । उक्त बढी भुक्तानी रकम रु ३००० भुक्तानी लिने मृतकको सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने अन्यथा उक्त रकम भुक्तानी गर्ने सम्बन्धित वडासचिव श्यामकृष्ण थापाबाट असुल गर्नुपर्ने रु | ३००० |
| ५ | सुदिप थापा | प्रथम किस्ता भुक्तानीमा सुदिप थापाको मिती २०७६।६।१२ मा मृत्यु भनि कैफियत जनाएकोले रु ९००० भुक्तानी हुनुपर्नेमा कार्तिक महिनाको समेत गरी रु १२००० भुक्तानी भएको देखियो । उक्त बढी भुक्तानी रकम रु ३००० भुक्तानी लिने मृतकको सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने अन्यथा उक्त रकम भुक्तानी गर्ने सम्बन्धित वडासचिव श्यामकृष्ण थापाबाट असुल गर्नुपर्ने रु | ३००० |
| ६ | भिमकुमारी बस्नेत | प्रथम किस्ता भुक्तानीमा भिमकुमारी बस्नेतको मृत्यु २०७६ भदौमा भएको भनि कैफियत जनाएकोले रु | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | | | ६००० भुक्तानी हुनुपर्नेमा असोज समेत गरी रु ९००० भुक्तानी भएको देखियो । उक्त बढी भुक्तानी रकम रु ३००० भुक्तानी लिने मृतकको सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने अन्यथा उक्त रकम भुक्तानी गर्ने सम्बन्धित वडासचिव भगवती अधिकारीबाट असुल गर्नुपर्ने रु | ३००० | | |
| | ४ | छविलाल घिमिरे | वडा नं ४ बाट प्रथम किस्ता बापतको रकम भुक्तानी हुदा २००४१२३२६६२७२ का छविलाल घिमिरेलाइ रु १२००० भुक्तानी भएको र वडा नं ५ बाट प्रथम किस्ताबापतको रकम भुक्तानीमा २००४०१३००४०८३ को छविलाल घिमिरेलाई रु १२००० भुक्तानी भएको देखिन्छ । वडा नं ५ को तेस्रो किस्ताको भत्ता वितरणमा २००४०१३००४०८३ को छविलाल घिमिरेलाइ भत्ता वितरण नगरी वडा नं ४ बाट नै रकम बुझेको भनि कैफियत जनाको र वडा नं ४ मा २००४१२३२६६२७२ का छविलाल घिमिरे बाहेक अन्य छविलाल घिमिरे नदेखिएकोले दुवै वडामा नाम दर्ता भएको छविलाल घिमिरे फरक फरक व्यक्ति हुन भन्न सकिने देखिएन । तसर्थ प्रथम किस्ताबापत वडा नं ५ बाट २००४०१३००४०८३ को छविलाल घिमिरेलाइ भुक्तानी भएको रकम रु १२००० असुल गरी संघिय बेरुजु खातामा दाखिला गर्नुपर्ने रु | १२००० | | |
| | ८ | ज्ञानकुमारी सिवाकोटी | प्रथम किस्ता भुक्तानीमा ज्ञानकुमारी सिवाकोटीको रु ८००० लक्ष्मी बैंकमा दाखिला भनि उल्लेख गरेको तर उक्त रकम कसको कुन खातामा दाखिला गरेको भनि भौचर संल्गन गरेको देखिएन ।उक्त भौचर पेश हुनुपर्ने अन्यथा सम्बन्धित वडा सचिव शुसिल कुमार श्रेष्ठबाट असुल गर्नुपर्ने रु | ८००० | | |
| ८७. | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु ६६६५६०० सम्परीक्षण भएको छ जस्को विस्तृत विवरण २०७८।१।३ को प्रारम्भिक प्रतिवेदनमा समावेश छ । | | | | | |

# कालिञ्चोक गाँउपालिकाको संचितकोषको विवरण

**२०७६।०७७**

प्रदेशः बागमती

अनुसुचि १

(रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | | जम्मा आय | व्याय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | कालिञ्चोक गाँउपालिका | दोलखा | ५६९०४ | ३६६०७२ | ५७४३८ | २२६१४ | ७०५८३ | ५१६७०७ | २८१४२० | ९९३७८ | ८६७८९ | ४६७५८७ | १०६०२४ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७६।७७**

अनुसुचि २

(रु हजारमा)

| सि.नं. | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | बाकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | दोलखा | कालिञ्चोक गाँउपालिका | ७५ | ४० | ८९०४३ | ० | ५ | ७६०२६ | ७५ | ३५ | १३०१७ | २६५१ | १४८८ | ८५०३ | ० | ० | ९९९१ | ३७५ | ० | ३७५ |

## अद्यावधिक वेरुजू स्थिति

अनुसुचि ३

(रु हजारमा)

| क स | स्थानिय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो वर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालिञ्चोक गाँउपालिका | दोलखा | १०१२१३ | ६६६६ | ९४५४७ | ० | १३०१७ | १०७५६४ |